# कृषिका सुसेलीहरू

## नापा कृषि-कविता संग्रह

### अंक - २



ASSOCIATION OF NEPALESE AGRICULTURAL PROFESSIONALS OF AMERICAS
NAPA 2016

**एसोसिएसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा)**

**२०२२**

कृषिका सुसेलीहरू
नापा कृषि-कविता संग्रह (अंक – २)
वि. सं. २०७९ (ई. सं. २०२२)

एसोसिएसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा)

द्रष्टव्य: यो कविता संग्रहमा प्रस्तुत अभिव्यक्तिहरू सर्जकहरूका निजी धारणाहरू हुन्, जसले प्रकाशक र सम्पादकका धारणाको प्रतिनिधित्व गर्दैनन्।

## सम्पादन समिति

भरतमान श्रेष्ठ

अम्बिका अधिकारी तिवारी

डोल प्रसाद ढकाल

**आवरण पृष्ठ सजावट**: प्रमोद पोख्रेल

© Association of Nepalese Agricultural Professionals of Americas (NAPA)
https://napaamericas.org/

प्रकाशित सामाग्रीहरू लेखक र प्रकाशकलाई उद्धरण गरी पुन: प्रकाशन गर्न सकिने छ।

# प्रकाशकीय

***"कृषि मूलश्च जीवनः"***

सात समुन्द्रपारि रहेता पनि मातृभूमि प्रतिको सम्झना, माया र दायित्वबोधले हामी नेपालीहरू कुनै न कुनै रुपमा जन्मभूमि प्रति समर्पित भइरहेका हुन्छौँ। विदेशमा रहेका कृषि अनुसन्धानमा संलग्न विज्ञहरूको ज्ञानलाई जनस्तरसम्म पुर्‍याई समाजमा खाद्यसुरक्षाको प्रत्याभूति दिनु अपरिहार्य छ। यसै उद्देश्यले उत्तर अमेरिकामा रहेका कृषि विज्ञहरूको साझा संस्था, Association of Nepalese Agricultural Professionals of Americas (NAPA - नापा) सन् २०१६ मा अमेरिकामा विधिवत दर्ता भएको हो। नापाको स्थापना अमेरिकामा भएता पनि यसको उद्देश्य संसारभर छरिएर रहेका कृषि तथा कृषिसँग आवद्ध विज्ञहरूलाई एकत्रित गर्दै नेपाल सहित विश्वमा खाद्यसुरक्षाको लागि योगदान पुर्‍याउनु हो। स्थापना भएको छोटो अवधिमै नापाले विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ। युवा विद्यार्थीहरूको कृषि विज्ञानमा अनुसन्धान क्षमता अभिवृद्धि गर्न आर्थिक अनुदानका साथै वैज्ञानिक मार्गदर्शन प्रदान गर्दै अनुसन्धानका नतिजाहरूलाई बृहत जनसमुदाय समक्ष पुर्‍याउने माध्यम पनि नापा बनेको छ।

विज्ञान र कला सँगसँगै अघि बढ्न सक्छन्। साहित्यले जनचेतना जगाउने काममा प्रमुख भूमिका निर्वाह गर्छ। यिनै तथ्यलाई मध्यनजर गरेर नापाले विविध कार्यक्रमहरूमा कृषि-कविता प्रतियोगिता समावेश गर्ने गरेको छ। समाविष्ट प्रतियोगी वा अप्रतियोगी कविताहरूका संँगालोलाई "कृषिका सुसेलीहरू" को रुपमा प्रकाशन गर्ने गरिएको छ। यस वर्ष पनि नापाको साहित्यिक प्रकाशन "कृषिका सुसेलीहरू" अंक-२ यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा हर्षविभोर भएका छौँ।

कला र साहित्य मानव अन्तस्करणको उद्गार गर्ने सशक्त माध्यम हुन्। कवितालाई समाज परिवर्तनको संवाहक मानिन्छ। "कृषिका सुसेलीहरू"मा कवि-कवयत्रीहरूले आफ्ना गद्य र लयबद्य छन्दका रचनात्मक प्रस्तुतीबाट ज्वलन्त उदाहरणहरू प्रस्तुत गर्नुभएको छ। सम्पूर्ण श्रष्टाहरूलाई हार्दिक धन्यवाद टक्र्याउन चाहन्छौँ। यस अंकको कविताहरूलाई सफलता पूर्वक सम्पादन गर्नुहुने सम्पादक मण्डलका नापा सदस्यहरू भरतमान श्रेष्ठ, अम्बिका अधिकारी तिवारी र डोल प्रसाद ढकाल धन्यबादका पात्र हुनुहुन्छ। यसैगरी यसबर्षको नापा कृषि कविता प्रतियोगिता आयोजक समितिका सदस्यहरू डा. मनोज कार्की, डा. भरत श्रेष्ठ, गोविन्द बराल, पद्मनाथ आत्रेय तथा कविता वाचन कार्यक्रम संचालक धनन्जय ढकालज्यूलाई मुरी मुरी धन्यवाद। गत अंक जस्तै प्रस्तुत कृषिका सुसेली अंक-२ को समालोचना मार्फत आगामी पथ प्रदर्शन गरिदिनुहुने प्रा. गोपी उप्रेतीप्रति नापा परिवार आभारी छ। पृष्ठभूमिमा रहेर कार्यक्रमलाई सफल बनाउन सहयोग पुर्‍याउनुहुने नापा संस्थापक अध्यक्ष डा. लिला कार्की, निवर्तमान अध्यक्ष डा. मेघनाथ पराजुली र उपाध्यक्ष डा. रामजी घिमिरे, र वैज्ञानिक गोष्ठी आयोजक समितिका सचिव डा. सुशील पौडेल लगायत यहाँ समावेश गर्न छुटेका व्यक्तित्वहरूलाई पनि आभार व्यक्त गर्न चाहन्छौँ।

हाम्रो यस प्रयासलाई भविष्यमा अझै परिस्कृत बनाउन अमूल्य सल्लाह र सुझावहरू पठाई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ।

डा. प्रदीप वाग्ले
अध्यक्ष
नापा कार्यकारी समिति, २०२२-२४

# सम्पादकीय

देश प्रेमी, कृषि प्रेमी अनि नेपाली भाषा, संस्कृति र व्याकरणको उत्थानको अपेक्षा राख्नुहुने सम्पूर्णमा हाम्रो यो कृषि कविता सम्पादक मण्डलको हार्दिक अभिवादन। आज हामी झन्डै दुई वर्ष हुन लाग्दा फेरि यो "कृषिका सुसेलीहरू"को दोश्रो अंक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा हामी सम्पादक मण्डल र नापा परिवार हर्षित छौँ। हाम्रो प्रथम अंकमा जस्तै अहिले पनि सम्पूर्ण कृषि कविता प्रेमीहरूबाट यो अंकको गुणस्तर र संदेश प्रवाह कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सुझाव र सल्लाहको आशा गरेका छौँ।

कृषि कवितालाई प्रोत्साहन र प्रवर्धन गर्ने अनि गराउने नापाको दीर्घकालिन उद्देश्य अनुसार मे २०२२ मा एटलाण्टा अमेरिकामा सम्पन्न नापाको द्विवार्षिक अन्तरराष्ट्रिय वैज्ञानिक सम्मेलनमा प्रस्तुत कविताहरू यो अंकमा संकलन गरिएका छन्। नेपाल अनि देश-विदेशमा छरिएर रहनु भएका सम्पूर्ण कवि-कवियत्रीहरूबाट उत्साहका साथ कविताका माध्यमबाट देशमा कृषि विकासको आवश्यकता दर्साउदै लेखिएका सिर्जनाहरू सम्पादन गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ।

नेपालबाट धेरै युवाहरू रोजगारका लागि विदेशी भूमिमा न्यूनतम पारिश्रमिकमा अत्यधिक परिश्रम गर्न बाध्य छन्। स्वदेश फर्किएर आफ्नै जग्गा जमिनमा उन्नत कृषि गर्न सके आर्थिक-सामाजिक स्तर उकास्न सकिने मनोभाव धेरै युवाहरूमा उत्पन्न हुँदैछ। नापाले पनि कृषि कविताबाट गुन्जिएको लोकलहरलाई मनन गर्दै नेपालको कृषिको स्तर उठाउन विद्यालय स्तर देखिनै जागरण ल्याउन विभिन्न तरिकाबाट योगदान पुर्‍याउदै आएको छ।

नापा द्विवार्षिक अन्तरराष्ट्रिय वैज्ञानिक सम्मेलनको २०२२ का कविता मूल्यांकन समिति सदस्यहरू गोबिन्द बराल, शर्मिला पोखरेल, नित्यानन्द खनाल, र कृष्ण कुसुमलाई हृदय देखिनै धन्यबाद ज्ञापन गर्दछौँ। नापा स्थापनाकालदेखि अनवरत रुपले आफ्नो महत्वपुर्ण समय दिएर यो संस्थाको बृहत्तर हितकोलागि योगदान पुर्याउँदै कृषि कवितालाई नापाको एक प्रभावकारी संचार मध्यमको रुपमा प्रबर्धन गर्न प्रोत्साहन गर्नुहुने वर्तमान अध्यक्ष डा. प्रदीप वाग्ले तथा महासचिव डा. नित्यानन्द खनाललाई विशेष धन्यवाद ज्ञापन गर्दछौँ।

कविता संकलनमा सहयोग पुर्‍याउनुहुने सबै सर्जकहरू, कविता रचनामा प्रोत्साहन दिनुहुने अग्रज अभिभावकजनहरू, सम्पूर्ण श्रोताहरू, सम्मेलनका सम्पूर्ण सहभागीहरू, नापा कार्यकारी समिति, सम्पूर्ण नापा सदस्यहरू, कविता प्रतियोगिताका लागि पुरस्कार प्रायोजकहरू, स्वयंसेवकहरू र सम्पूर्ण नापाप्रेमी दाजुभाइ दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ। यहाँहरू सबैको रचनात्मक सल्लाह र सुझावको अपेक्षा गदै अन्जानबस कुनै त्रुटिहरू भएमा भविष्यमा सुधार गदै अझै स्तरीय र ज्ञानमूलक प्रस्तुतिहरू लिएर आउने प्रतिबद्धता ब्यक्त गर्दछौँ।

-सम्पादक मण्डल

# विषय-सूची


प्रकाशकीय ३
सम्पादकीय ४
विषय-सूची ५
१. उसका र मेरो कथा ७
२. मान्छेलाई पत्र ८
३. रैथाने कृषि र हाम्रो अस्तित्व ९
५. असार पन्ध्र ११
६. एकदिन थियो १२
७. गरीब किसान: असारको एकदिन १३
८. कृषि क्रान्ति १४
९. मानो रोपेर खेतमा १५
१०. खाद्य सुरक्षा १६
११. हरित क्रान्ति १७
१२· हुनुपर्छ कृषि क्षेत्रको विकास १८
१३. किसानको पसिना २०
१४. कृषि र किसान २१
१५. म कृषि २२
१६. किसानको महिमा २३
१७. किसानको कुरा गरौँ कि नगरौँ २४
१८. खेती किसानी २६
१९. खेतीको हैन कुराको खेती गर्न थालेँ २७
२०· कृषि र कीरा २८
२१. गरौं उन्नति कृषिको २९
२२. किसान ३०
२३. प्रिय कृषक ❣ ३१
२४. कृषि अनि युवा ३२
२५. मेरो देश र खेती ३३

२६. कृषिमा आधुनिकता ३४
२७. किसान मेरो बुबा ३५
२८. म र मेरो मालिक ३६
२९. नफर्कनेका नाममा ३७
३०. किसान - छैनन् सानका वस्तु ३८
३१. मझदारको जिन्दगी ३९
३२. भोलिको म किसान ४०
३३. म बिरुवा – मेरो सन्देश ४१
३४. माटो-बिरुवा र जीवन ४२
३५. उन्नत कृषि ४३
३६. अर्थतन्त्रको आधार कृषि ४४
३७. कागजमा कृषि ४५
३८. चाउरिएका गैह्रीखेतहरू ४६
३९. खोरिया ४८
४०. मलाई किसान बन्नु छ ४९
४१. कृषिको यात्रा ५०
४२. कृषकको उकुसमुकुस ५१
४३. किसान ५२
४४. मैले देखेको किसान: पहिले र अहिले ५३
४५. नेपालको कृषि अवश्था ५४
४६. आऊ हामी माटोको पूजा गरौँ ५५
४७. किसान ५६
४८. प्रश्नहरू सारङ्गीसँग ५७
५०. दिदी र ऐंसेलु ५९
५१. बुबा र घोलखेतको सम्झना ६०
५२. कृषक-दिनचर्या ६२
५३. परिष्कृत परम्परा ६३
५४. खेत भेटियो, खेती भेटिएन ६४
अनुसूची १: समालोचना ६५

# १. उसका र मेरो कथा



**अस्मिता कार्की**
**नेपालगंज**

कैयौं बिहानीहरूको समाधिपछि
तमाम अनिदा सपनाहरूपछि
तैरीरहेको हावाले ब्यूँझिदै
जीवनका थोपाहरूले सिँचिदै
किरणका डोवहरूले भरिँदै
म जन्मिएँ
धर्तीको ढुकढुकीमा
उसका,
नाङ्गा गह्राहरूमा
भविष्यका फाँटहरूमा
पहिलो आस उमार्दै
हरियो रङ्ग छर्दै
म हुर्किरहेँ
धर्तीको बैँसमा

कहिले,
कलेटी परेका चिराहरू
मेरा जराहरू उखेल्न चाहन्थे
कहिले,
अनवरत छिटाहरू
मेरा हाँगाहरू छिचोल्न चाहन्थे
तर
ऊ कहिल्यै डग्मगाएन
ऊ गोडीरह्यो
हरेक अनुकुलताहरू
फुटाइरह्यो सङ्कुचित डल्लाहरू
र
फुकिरह्यो म भित्र सासहरू
उसका अभावले, हातका ठेलाहरूले, पसिनाले
मेरा पत्र पत्र फुलाइरहे
धर्तीको उद्यानमा

हरेक बिहानी,
उसका बाफिएका सपनाहरू
म माथि समेटिने गर्थे
टक्टकिएका भकारीहरू जस्तै
केही सतहबाट चिप्लिने गर्थे
केही हावासँगै बिलिन हुन्थे
उसले,
खेतका आलीहरूमा
इच्छाहरू रोपेको थियो
केही,
विषादी अनि रोगले मारिने गर्थे
केही,
बिचौलियाहरूको सर्तमा साटिने गर्थे

ऊ,
आधुनिक गोरेटो कोर्न जान्दैन
समयले पुरेको चाल पाउँदैन
माटो र बाटोमा फरक कसले बुझाइदिने उसलाई?
ऊ त
झार र बुट्यानकै जालोमा जेलिएको छ
कृषिमा क्रान्ति कसले बुझाइदिने उसलाई?
हुन त
देश आफै परनिर्भरतामा अडिएको छ
जुम्ली स्याउ सिम्ला पुग्न चाहँदो हो
इलामे अलैंची बेलायत घुम्न जाँदो हो
हुन त
सपनाहरूको गन्तव्य परेलीहरूमै थामिएको छ

म त
उसको बारीमा फुलिरहेको एक गाँस
भोकनगरीमा चम्किरहेको एक टुक्रा जुन
मेरोटहटहले
पारिलो घाम पर्खेको छ
उसको र मेरोकथाले
अब
नयाँ आयाम खोजेको छ।

*****

*अस्मिता कार्की कृषि तथा वन विश्वविद्यालय, नेपालगंज क्याम्पसमा स्नातक तहमा अध्ययनरत हुनुहुन्छ।*

# २. मान्छेलाई पत्र



**डा. रामचन्द्र बराल**
**पोखरा, नेपाल**

सूर्यको आभालाई खिचेर
अन्नमा ब्रम्ह निर्माण गर्ने
वायुपान र  सोधन गर्दै
तिमीलाई प्राणदान गर्ने
धराको बललाई बदलेर
तिमीलाई वीर्यवान बनाउने
बुटो भन की बुटी भन
माटो, बुटो, वायु र तेज...
तिमीलाई पिलाउने को होला?

कैयन पटक...
प्रजन्यका लागि
चोखो पानीको खाँचो देखाउँदै
गह्रुङ्गो पानी पिएर...
हलुका पानी दिने यज्ञ लाएकै हो।
तिम्रो आरोग्यताका लागि
बुटी र ओखती बनेर
धुरी, धारा र गिरीहरूमा
दिव्य बिस्कुन फिँजाएकै हो।

तिम्रो ऋतु चक्रलाई जोगाउन
मेरै वसन्त सुम्पीएकै हो।
तिम्रा तृष्णा र प्रेमल कुण्ठाको सम्बोधन गर्न
मेरै अंशहरूले बलिदान गरेकै हो।
बसुधाका अंश हामी ...
आपसी कुटुम्ब पनि हौं।
कुटुम्ब जोगाउँदा म पनि जोगिन्छु कि भन्ने
त्यसैले जुगान्तर आश लाएकै हो।

तिमी जोगिंदा मलाई मज्जा आउँछ
म जोगिंदा तिमीलाई उर्जा आउँछ।
तिम्रो निरन्तरताका लागि
म जोगिनु पर्छ।
मेरो निरन्तरताका लागि...
तिमीले के कर्म गर्न सक्छौं?
धेरै केही चाहिँदैन, मात्र...
भएको चाहिँ सपार्ने र बीज अंशलाई नबिगारे हुन्छ।
जात र गुण मेटिने गरी वर्णशंकर नगरे हुन्छ।।

*****

*डा. रामचन्द्र बरालले बिगत १६ वर्ष देखि कृषि खबर पत्रिका तथा आर सी टाइम्स साप्ताहिक सम्पादन गर्दै आउनुभएको छ। उहाँ कृषि र समाजको खोज पाठशालामा पनि सम्बद्ध हुनुहुन्छ।*

# ३. रैथाने कृषि र हाम्रो अस्तित्व



**डा. यमुना घले**
**काठमाडौँ, नेपाल**

रैथाने बीउबिजन र नश्लका धनी हामी,
मौलिक ज्ञान र सीपका खानी हामी,
रैथाने खेतीबाली र परिकारयुक्त सँस्कृतीका धनी हामी,
तर, आधुनिकताको नाममा आफ्नै अस्तित्व मेटाउँदै हामी।

यदि यसैलाई विकास मान्ने हो भने,
पूजाआजामा बर्णशंकर बीउबिजन र नश्ल सुधार गरिएका पशुपंक्षी चल्ने कि नचल्ने?
विकासे र नश्ल सुधार गरिएका गाईका गोबरले चोख्याउन मिल्ने कि नमिल्ने?
विकासे र नश्ल सुधारिएका गाईगोरुलाई पूज्ने कि नपूज्ने?

यस्तै प्रवृति बढिरहे,
रैथाने ज्ञान सीप लोप भएको जिम्मा कसले लिने?
महिला, स्थानीय र कृषक मौलिक ज्ञान सीपका भण्डार हुन् भनेर कहिले बुझ्ने?
मौलिकतामा हाम्रो पहिचान र अस्तित्व जोडिएको कुरा हामीले नबुझे कसले बुझ्ने?

अब छातीमा हात राखेर भनौं,
रैथाने प्रवर्धन गर्न प्रांगारिक जनजीवन अपनाउने कि नअपनाउने?
भान्छामा मौलिक र पौष्टिक परिकार प्रवर्धन गर्ने कि नगर्ने?
पर्यावरणीय र जलवायुमैत्री रैथाने विविधता किन नजोगाउने?

त्यसैले,
रैथाने बीउबिजन र पशुवस्तुबिना हाम्रा संस्कार शुद्ध हुने कि नहुने?
सोच्ने बेला आएको छ,
रैथाने स्रोतमा आधारित पढाई र अनुसन्धानमा लगानी खै त भनेर?
सोधीखोजी गर्ने बेला आएको छ,
रैथाने स्रोत नै हराए, हाम्रा मौलिक ज्ञान सीप कता पुग्लान्?
गम्भीर बन्ने बेला आएको छ,
रैथाने स्रोत बिना हाम्रै अस्तित्व हराउने बेला आईसक्यो,
हामी सबैले उत्तरदायित्व बहन गर्ने बेला आएको छ।
*****

*डा. घले हाल नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एन.सि.सि.आर.) मा अनुसन्धान निर्देशकको रूपमा कार्यरत हुनुहुन्छ। वहाँले कृषि, खाद्य सुरक्षा/अधिकार तथा लैंगिक अधिकारका सवालमा पुस्तकहरूमा लेख्नु भएको छ।*

# ४. किसान



**शौरभ शर्मा**
**रामपुर चितवन**

छपक्क उनको गाडियो खुट्टा असारे हिलोमा
निथ्रुक्क तन पानीमा भिज्यो असारे झरीमा
चुम्दछ उनको हावाले गाला बग्दछ सुस्तरी
नियाल्छु जब अडिन्छ आँखा कञ्चन प्रकृति।

बादल कालो, पर्दछ पानी, गर्जदैं गगन
कपाल कालो, मस्कँदै कृषक कर्ममा मगन
हावाको झोक्का आएर सोध्छ- 'सपना भनन'
'लरक्क बाला झुलाऊँ कि म' भन्दछ किसान।

आलीमा रोटी खाएर भोक किसान मेट्दछ
कर्ममा डुब्छ, घरघर अन्न पुगेको देख्दछ
पसिना झारी, ऊर्वर पारी खेतमा रमाउँछ
उब्जाई अन्न मानव सारा किसान पोस्दछ।

आधुनिक युग, आधुनिक सीप किसान सिक्दैछ
गोरुको सट्टा, हलोको सट्टा, ट्याक्टर जोत्दैछ
बिर्सन्न कहिल्यै बहन हावा, झुल्कन त्यो घाम
सहन्छ पीडा, भुल्दैन तर किसान जो काम।

सुकिला लुगा लाउने मान्छे एक पटक सोच न
शासन गर्ने ए नेता गण तिमी नि सोच न
तिमीले जस्तै किसानले काम चटक्क छाडेर
जालझेल गर्न लागेछ भने के होला भन न?
*****

*शौरभ शर्मा कृषि तथा वन विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत हुनुहुन्छ। सामाजिक तथा वातावरणमा समसामयिक लेखहरू फुटकर लेख तथा कविताहरू लेख्नुहुन्छ। केही रचनाहरू अनलाइन पत्रिकाहरूमा प्रकाशित छन्।*

# ५. असार पन्ध्र



**भावकेशर बराल**
**काठमाडौँ**

आज असार पन्ध्र
अविराम बर्सिरहेछ झरी
र, भेलसित मिसिएर बग्दैछ समय।

हतार छ गाउँलाई
हतार छ शहरलाई
केही हल गोरु नारिएका छन् खेतमा
केही थान डोजर तयार छन् सडकमा
तम्तयार छन् कहीं जोर औँलाहरू
अखबारमा असारे विकासका चित्र कोर्न
आइपुगेकै छैन मुखियाको हुल
तर, तयार छन् दृश्यलाई कैद गर्न
चम्किला आँखाजस्ता क्यामेराका लेन्स।

मगमगाइरहेछ भान्सामा भोजनको सुगन्ध
आलमारीमा मानौँ फूलझैँ सजिएका छन्
विदेशी ब्रान्डका थरी थरीका ह्विस्की
हो, उत्सव सुरु हुँदैछ गाउँमा
महोत्सव चलिरहेको छ शहरमा
किनकि आज असार पन्ध्र
आजै गर्नुछ धानदिवसको समुद्घाटन
र, आजै  सक्नुछ राजमार्गमा कालोपत्रे।

गाउँका टारीहरू बाँझै छन्
बाँझिदै छन् बारी र समथर फाँटहरू
सुनसान छ मानव बस्ती
शहरतिर रोबोटजस्ता मानिसहरू
मेसिनजस्ता मन बोकेर दौडिरहन्छन्
उनीहरू नै योजना गर्दैछन्
सेमिनार कक्षमा कृषि क्रान्तिको वैचारिक विमर्श
र, उनीहरूले नै आयोजना गरेका छन्
टुँडिखेलतिर धान दिवसको विशेष समारोह
आज असार पन्ध्र
प्रत्येक बैठकमा चलिरहेछ दही चिउराको भोज।

तर, यतिबेला के गर्दै होलान् खाडीतिर
नौजवानहरू?
शरीरबाट तरतरी बगाएर मोतीजस्ता पसिना
कि सिँच्दै होलान् मरुभूमिको वाफिलो माटो !
कि भिजाएर सूर्यको डल्लोजस्तो रापिलो शरीर
छर्दै होलान् नुनिलो र अमिलो पसिनाको सुवास !
आज असार पन्ध्र
तिनै नौजवान सम्झिएर रोइरहेझैँ लाग्छ गाउँ
तिनै नौजवान पर्खिएर झोक्राएझैँ लाग्छ शहर।
*****

*भरतराज (उर्फ भावकेशर) बराल विभिन्न साहित्यिक लेखन अधिगोष्ठीमा संलग्न हुनुहुन्छ । साहित्यिक लेखनका विभिन्न प्रतियोगितामा पुरस्कृत वहाँले विभिन्न पुस्तक, पत्रपत्रिका तथा लेखरचनाको भाषिक सम्पादनमा समेत संलग्न हुनुहुन्छ । दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठानका आजीवन सदस्य बरालका विभिन्न साहित्यिक कृतिहरु प्रकाशित छन्। वहाँले नेपाली भाषा सम्बन्धी पाठ्यपुस्तकमा सहलेखन समेत गर्नुभएको छ ।*

# ६. एकदिन थियो



**आर्शिका ओझा**
**पाख्रिबास, धनकुटा**

एकदिन थियो
बेसि खेतमा अन्नबाली मुस्कुराउने गर्थे
पन्छीहरू भाका हाली चिर्बिराउने गर्थे
वन जंगल आफ्नै सुन्दरतामा आफै रम्ने गर्थे
हरिण मृग उफ्री उफ्री मुक्त हुने गर्थे।

एकदिन थियो
चाडपर्व डाकी डाकी हर्ष निम्त्याउने गर्थे
पन्चे बाजाको धुनमा सबै दुःख बिर्सने गर्थे
रिमझिमे बर्खे झरीमा खुसी साट्ने गर्थे
आफ्नै मौलिकतामा सबै नाच्ने गाउने गर्थे।

बगैंचाका ढकमक्क फूलले मौरी लोभ्याउने गर्थे
डण्डीबियो डण्डीबियो र कबर्दीले मैदान थर्काउने गर्थे
वरपिपलको छहारीमा किसान सुस्केरा लिने गर्थे
म एक पूर्ण गाउँले मरिमेट्ने गर्थे।

एकदिन थियो
कोइलीको मधुरतामा मयुर झुम्ने गर्थे
टलक्क टल्कँदै हिमाल हाम्रा हाँसो छर्ने गर्थे
शिरमा ढाका टोपी कम्मरमा खुकुरी नाच्ने गर्थे
हरियो त्यो घुम्टोमा बन पाखा लगाउने गर्थे।

एकदिन थियो
गंगाजलको पटुकीले पर्वत श्रृङ्गार गर्थे
हिमालको शिरको ताजा डाँफे हुने गर्थे
तराईको झाडीमा पहेँला चुरा बज्ने गर्थे
क्षितिज पारीका तृष्णा साँझ अस्ताउने गर्थे

एकदिन थियो
*****

---

*आर्शिका ओझा कृषि तथा वन विश्वविद्यालयमा अध्यनरत हुनुहुन्छ ।*

# ७. गरीब किसान: असारको एकदिन



**सुबोध अधिकारी**
**युनिभर्सिटी अफ आयडाहो**

गरीबीले किसान बनियो दुर्गम पाखा र गाउँमा।
भन्दैछु आज असारे दैनिकी एउटा दुःखीको नाउँमा।।
मध्यरातमा चट्यांग र बर्षा निद्रै बिगार्‍यो तनी।
सोच्न थालें झट्टै उठेर धान पो रोप्नेकी भनी।।

मूल छैन , कुलोनी छैन आकाशे भलकै भर छ।
भल छोप्न जानै पर्योनी फेरि त्यो फुत्कने डर छ।।
बूढी यता घर-धन्दा सँगै लागिन ढिकी र जाँतोमा।
म चाहिं उता हस्याङ्ग र फस्याङ्ग भल पानी सोझ्याउँदै खेतमा।।

दङ्ग पर्दै घरतिर फर्की जानुछ खेताला खोज्नलाई।
हलो , जुवा , कोक्रो र गोरु राम्रो कोदाली रोज्नलाई।।
झिसमिसेमै तयार पार्न जोतारो भर्खर बाट्नुछ।
खेतमा मकै काँचै भाँच्दै भुँइको घाँस पनि काट्नुछ।।

दुईटा सुर्का सकियो रोपी बर्षा अघिनै रोकियो।
खेतमा पानी अलि कम छ बाढ़ी पनि पो छेकियो।
पानी नपुगे मेलै रोकिन्छ आँसु बर्सिन्छ आँखामा।
बाढी त सुक्न नपर्ने भन्दै लागें माथिको पाखामा।।

कुन दुष्ट आई मारेछ पानी भत्काई कुलो पनि।
झारेछ पानी अर्कैको तिर बिचमै दुलो खनी।।
सामन्ती रैछ सक्दिन लड्न फर्कियें पानी बिना।
भो अब बन्द गरौं धान रोप्न मिल्दैन पानी बिना।।

नासिए ती दुधिला मकै सुक्नै ती पाएनन् नि।
तयारी त्यत्रो मध्यरात देखि सुत्न नै ती पाएनन् नि।।
खेताला हली भो जाऊ घर अर्कै दिन रोपौंला।
सामन्ती खुस र बर्षाद हुँदा फेरि भल पानी छोपौंला।।
*****

*सुबोध अधिकारी युनिभर्सिटी अफ आयडाहोमा पोस्टडॉक्टोरल रिसर्चरको रुपमा एकीकृत हानिकारक किरा ब्यबस्थापन तथा मौरी र अन्य लाभदायक किराको संबर्धन सम्बन्धी अनुसन्धानमा कार्यरत हुनुहुन्छ ।*

# ८. कृषि क्रान्ति



**समिन गैरे**
**धरान, सुनसरी**

ज्येष्ठको प्रचण्ड गर्मीको वेला
वर्षाको खडेरी परी
मरुभूमि बनेका गाउँका मलिला फाँटहरूमा
धान, मकै, र फलफूलहरूका लासमाथि
विजयोत्सव गर्दैछन् क्याक्टसहरू
उत्तराधुनिक औद्योगिक र मानविकीकरणको।

हिजो अन्नका दाना चपाउँने दाँतहरू
सौखले चपाउँदैछन् गिट्टी र बालुवा
माटोको अचार साँधेर भतेर मनाइरहेछन्
सुटबुट धारी आधुनिक मनुवाहरू
छेउैमा छन् गिट्टी पचाउन नसकेर मरेका
गौँथलीका बचेरा र गाईका बाच्छाका लासहरू।

सैकडौँ लामो प्लटिङ र पीच बाटोको बीचमा
रहेको जमिनको सानो टुक्रामा
वर्षाले बर्सिन बिर्सेको छ
धानका बाला झुल्न भुलेका छन्
हिलो बसाउन छाडेको छ
त्यहाँ अब फगत
दफनाइएका मानव शवहरू र केमिकलहरू
गन्हाइरहेका छन्।

यता, धर्ती माता आह्वान गर्दैछिन्
कर्मठ कृषक सुपुत्रको
बिछ्याएकी छन् आफ्ना वक्षस्थल जोत्न भनेर
तयार पारेकी छिन् आफ्नो गर्भ अन्न फलाउन
मासिक पानी श्राव भइरहेको छ उनको, सिँचाइ गर्न
तर , तर कहाँ छ कोही कृषक कृषि गर्न आतुर?

यता फलफूल बोटमै कुहिरहँदा
उता ऊ प्याकेटको कुहिएको फल खाएर
पेट कुहाइरहेछ
यता जमिन बञ्जर भएर सुख्खा भइरहँदा
उता ऊ सुख्खा खबुस र बर्गर चपाइरहेछ
यता रुखको शितल छहारी छाडेर
कतै कठ्याङ्ग्रिँदो जाडो
त कतै पसिना सुकाउने गर्मी खपिरहेछ।

साठी डिग्री पुग्ने मरुभूमिबाट जन्मनेछ अब
एउटा क्रान्तिकारी तृण
जसको हुँकार हुनेछ कृषि क्रान्ति खातिर
हराउँदो मानव बस्तीमा ल्याउनेछ कृषिको लहर

फेरि एकपटक
मगमगाउनेछ सारा जगत् फूलको वासले
तप्प-तप्प फलका रस चुहिनेछन् गह्वाहरूमा
अन्नका अन्नपूर्ण ठडिनेछन् खेत खेतमा
र जीवित तुल्याउनेछ मानव सभ्यता।
*****

*समिन गैरे इञ्जिनियरिङ्ग अध्ययन संस्थान पूर्वाञ्चल क्याम्पस,धरान, सुनसरीमा इन्जिनियरिङ्ग दोस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ।*

# ९. मानो रोपेर खेतमा



**रमेश प्रभात**
**चितवन, नेपाल**

रोप्दा रोप्दै धानको बीउ
खेतको आलीमै जन्मेको हुँ म
गोड्दा गोड्दै घैयाको बाली
बारीको कान्लामा हुर्केको हुँ म
हो, यस्तै छ मेरो अतीत
म किसानको छोरो !

मेरो मनभरि छपक्कै
असारै असार बसेको छ
फाँडेर मनको जङ्गल
उखेलेर प्रदूषित विचार
रोपेर मनभरि रङ्गीन सपना
असारै असार हुर्काएको छु
मैले मेरो मस्तिष्कमा !

पहेँलै पारेर खेत
उब्जाउनु छ मैले धान
धान - नेपालीको शान
धान - नेपालीको पहिचान
जन्मँदा होस् कि मर्दा
न्वारानमा होस् कि बिहेमा
नभई हुन्न चामल
भित्र्याउन चामलको रास
गुजुगुजे हिलोमा
रोप्छु म धानको बीउ
हो, म किसानका सन्तति !

विचार रोपेर पाखामा
फल्दो रहेनछ धान
हुर्कँदो रहेनछ खेती
हो, असारमा नरोपे धान
भदौमा के गोड्ने मैले?
मंसिरमा के भित्र्याउने घरमा?
सधैँ चिन्ताले पिरोल्छ मन।
चिन्ता रोपेर मनको गह्रामा
चिन्ता बाहेक केही नफल्ने रहेछ
त्यसैले, तिमी पनि आऊ
यो गुजुगुजे हिलोमा
रोप एक मुठा धान !

नगरे खेती हामी भोकै पर्छौं
गाउँ भोकै पर्छ
सहर भोकै पर्छ
अरूको के कुरा
सिङ्गो देश भोकै पर्छ
त्यसैले,
नगरी खेती बस्न सक्दिनँ म !

कृषिप्रधान यो मुलुकमा
चिरेर खेतको छाती
कङ्क्रिट उमारेर खेतमा
के गर्दै छ यो सरकार?
खेती किन पर्दैन हँ?
उसको प्राथमिकतामा !

चिन्तित हुन्छु सधैँ म
चैतको उखरमाउलो गर्मीमा
प्रतीक्षा म गर्दैछु
दर्किँदो झरी सहितको
असारको पन्ध्र
मानो रोपेर खेतमा
मुरी फलाउनु छ मैले,
हुँ म,
म किसानको छोरो।
*****

*रमेश प्रभात कविता, गीत, गजल, मुक्तक, हाइकु, लघुकथा, समीक्षा विधामा लेख्नुहुन्छ । वहाँका कविता संग्रह, हाइकु संग्रह र बालकथा संग्रह प्रकाशित छन्। प्रतियोगितामा यो कविता तृतीय भएको थियो।*

# १०. खाद्य सुरक्षा



**महेश दत्त चौलागाई**
**हिकास्ट, काठमाडौँ, नेपाल**

बसन्तले स्पर्श गर्दा पलाएको पालुवा
वर्षाले प्रेमिल कवितारच्दा
मूनाहरूले भूगर्भको घुम्टो  हटाउँदा
बिस्कुनले रक्षान ढाकिंदा
म सधैँ किन हराउनु पर्ने?
म सधैँ किन डराउन पर्ने?

रक्तिम किरणसँगै उदय भएर
गोधुलीसँगै अस्ताउने
चुह्लो जगतमा बलेको बेला
मरुभूमिको बालुवा चिसो भएको बेला
म सधैँ किन हराउनु पर्ने?
म सधैँ किन डराउन पर्ने?

सरद र शिशिरको सिरेटोसँगै
टिलपिल टिलपिल नयनमा
अल्प आहार अनि गृह त्यागसँगै
स्वप्न गगनको सोपान टेक्ने बेला
म सधैँ किन हराउनु पर्ने?
म सधैँ किन डराउन पर्ने?

आओ सुखको मानो खाओ भन्ने बेला
आंधी, हुण्डरी र ज्वालाको रापलाई जितेको बेला
आफू हारी संसार जिताएको बेला
मित्रसँगै दुस्मन समेटेको बेला
म सधैँ किन हराउनु पर्ने?
म सधैँ किन डराउन पर्ने?

जन्म हरित गृहमा भएपनि
कुपोषित बाल बनिता अनि अबला खेप्नु पर्दा
म जन्जीरले जेलिएपनि
खुला पन्छी भएर संसार उडेको बेला
म सधैँ किन हराउनु पर्ने?
म सधैँ किन डराउन पर्ने?
*****

*महेश दत्त चौलागाई नापाको असोसियट सदस्य हुनुहुन्छ । वहाँ हिमालयन कलेज अफ साइन्स एण्ड टेक्नोलोजीमा कार्यरत हुनुहुन्छ ।*

# ११. हरित क्रान्ति



**बन्दना भट्टराई**
**दाङ, नेपाल**

जब किसान रुन्छ
तब रुन्छन् बालकका आँखामा सपना
हतासिन्छन् ठूला ठूला योद्धा
निसासिन्छ देशको सपना पनि सँगसँगै।

आफ्नो भकारी रित्याएर
देशको पेट भर्दै गर्दा
उनका आँखामा सन्तोष उम्रन्छ।
त्यसैले त उनी अन्नदाता कहलिन्छन्।

किसानले अन्न रोप्छन्
आफ्नै हात खियाउँछन्
फाटेको कुर्कुच्चा
अनि जीर्ण शरीर लिएर
एक मुठ्ठी भोक टार्न
श्रमको मूल्य खोज्न हरेक ठाउँ धाउँछन्
हरित सपना अटाउँछन्
किसान आफ्ना आँखामा।

को हुन् त किसान?
किसान आफैमा 'बोरलग' हुन्
जसले विश्वमा क्रान्ति ल्याए
हजारौं भोकमरी अनुहारलाई
राहत दिलाए।

तपाईँलाई थाहा छ?
किसानको आँखामा देश कहिले मर्दैन
देशलाई देश बनाउन उनीहरू कतै चुक्दैनन्
र घोटिइरहन्छन् देशको माटोमा।

कृषिमा बगाएको पसिना भन्दा
कम मूल्य पाएपछि
एक किसान अन्योलमा पर्छ
श्रमको मूल्य खोज्न अरबको सपना देख्छ
किनकि
लोलाएका आँखाले भोक बाहेक
अरू केही बुझ्दैनन्
बाँझो जमिन त्यसै छाडेर
एक किसान अरबमा भेटिँदा।
*****

*दाङ घर भएकी बन्दना भट्टराई हाल बिएस्सी कृषिमा अध्ययनको शिलशिलामा झापामा बस्नुहुन्छ । सानैबाट कथा कविता लेख्ने बन्दनाले राष्ट्रिय तथा अन्तराष्ट्रिय साहित्यिक प्रतिस्पर्धामा पुरस्कार समेत जित्नुभएको छ।*

# १२. हुनुपर्छ कृषि क्षेत्रको विकास



**ई. रामेश्वर घिमिरे**
**राईनास, लमजुंग, नेपाल**

पढेथेँ देश हो मेरो कृषि प्रधान भनी
बहुआयामिक प्रभाव पार्दछ यसले अर्थतन्त्रमा पनि
राख रेकर्ड कति छन् सिंचित भूमि यहाँका टार र गह्रा
आवश्यक पर्दछ कृषि क्षेत्रमा गुरुयोजना बनाउन पर्दा।

मल र बीउबिजनको प्रबन्ध समयमै मिलाई
व्यावसायिक कृषि गर बन आत्मनिर्भर उत्पादकत्व बढाई
सम्पन्न गर समयमै सिंचाईका ठूला योजना
वर्षौं लाग्दा पूरा हुन सकेन लक्ष्य रहिरहे सपना।

विकास गर जनशक्ति बनाई कुशल सँगठन योजना
अहोरात्र निस्वार्थ खटिए छाउनेछ समृद्धि कृषिमा
रहेका छन् जनशक्ति उत्पादन गर्ने थुप्रै यहाँ क्याम्पस
उत्पादन हुन्छन् हजारौं वर्षेनी खपत बढाऊ स्वदेश।

कृषि प्रविधिको उच्चतम प्रयोगका लागि गर्नुछ यहाँ लगानी
सडक सञ्जाल विस्तार गरौँ बजार पहुँचको लागि
कृषि उपजको न्यूनतम मूल्य तोक्न अब ढिला भयो
बिचौलिया मोटाए कृषकहरूमा निराशा छायो।

आत्मनिर्भर हुन सके झुक्नु पर्दैन कसैसँग
स्वस्थ रहने कृषकका न्यून हुनेछन् रहर
खोरिया खेती पनि गरौँ जमिनको उच्चतम प्रयोगका लागि
भौगोलिक विविधता छ खेती गर्न हिमाल पहाड र तराई ।

निजी क्षेत्रको बढाऊ आकर्षण कृषि उद्यमका लागि
सहकार्य गर जति सक्छौ उपयुक्त वातावरण बनाई
बनाऊ वातावरण फर्काउन सवै विदेशिएका दाजुभाइ
रोजगारी सिर्जना गर्न सकिन्छ देशमा कानुनी लगाम लगाई।

रोक अब अति भो उर्वर भूमिमा प्लटिङ गर्ने काम
बसोबास गर्नका लागि उपयुक्त हुने बारीका पाटा छान
विदेशी लगानी र प्रविधि भित्र्याउन यहाँ पर्नेछ
प्राथमिकता तोकी सम्झौता यहाँ सरकारले गर्नेछ।

जलवायु परिवर्तनको असर दिनानुदिन बढ्दो छ
अनुकूलित प्रविधिको खाँचो यहाँ धेरै परेको छ
अतिवृष्टि अनावृष्टि दुवै कृषकका शत्रु हुन्
यसको प्रभाव नगण्य गर्ने उपाय विज्ञहरू खोज्दा हुन।
*****

---

शहर र गाउँमा जम्मा दुईटा कुरा फरक छन्, शहरमा घरहरु नजिक हुन्छन् मन टाढा हुन्छ, गाउँमा घर टाढा हुन्छ तर मन नजिक हुन्छ ।

दर्शन भय हो भने कविता सत्य हो ।

- महाकवि लक्ष्मी प्रसाद देवकोटा

# १३. किसानको पसिना



**सुनिल पण्डित**
**धनौजी, जनकपुर**

मगमगाउँछ पसिनाको सुगन्ध
किसानले रोपेको फसलबाट
तर किन ठस्स गन्हाउँछ
शहरलाई किसानको पसिना?

तिम्रै फसलको आशाले
पसल थापेको छ शहरले
बेच्दैछन् महंगो मूल्यमा
तैपनि गन्हाउँछ किसानको पसिना।

पसिना भन्दा सुगन्धित कुन
सुगन्ध छ संसारमा?
परिश्रम भन्दा मीठो
कुन फल छ संसारमा?

छिन् मै हावामा बिलाई जाने
पर्फ्युम भन्दा
जीवन जगतमा मगमगाइ रहने
पसिनाको सुगन्ध सुँघी हेर।

शहर गाउँ भन्दा बाठो
व्यापारी किसान भन्दा चतुर
किसानकै पसिना सस्तोमा किनेर
आ-आफ्नो स्टिकर लगाई
महंगोमा बेच्दैछ शहर।

युगौंदेखिको पीडाको पोखरी भित्र रहेर पनि
किसान आफ्नो पसिना बगाउँदै रहेछन्
शहरले किसानलाई जति दुःखी बनाएपनि
आफ्नो पसिना दिइरहेछन्
सरकारले सुविधा नदिएपनि
आफ्नै लगानी र मेहेनतले पनि
अन्नबाली स्याहारी रहेछन्।

सबैलाई खुसी बनाइरहेछन्
शहर व्यापारी सबै मिली
किसानी मजदुरको मूल्यांकन गरौँ
लगानी र मजदुरीको उचित मूल्य दिई।
*****

---

*बि एड (स्वास्थ्य)मा अध्यनरत सुनिल पण्डित कथा, कविता, गजल आदि लेख्न रुचाउनु हुन्छ ।*

# १४. कृषि र किसान



**सबिना देवकोटा**
**पालुङटार, गोरखा**

कृषि बाली लगाई जिन्दगी बिते हजुरबुवाज्यूहरू
कृषि कर्म गरी पवित्र मनले आमा र दिज्यूहरू
चीनारी कृषि कर्मीको धरतीमा सम्मान धेरै उँचो
पाखुरी दशनङ्ग्री खोस्रिई खने आयस्ता धेरै उठ्यो ।

चक्लाबन्दी भूमि विकाश गतिलो आवोस् नयाँ पद्दति
बाँझो भूमी नराखी उद्यम गरौँ सप्रियोस् नयाँ विद्वती
हाहाकार नहोस् कुनै नगरमा बीउ र कृषि मल
उत्पादन अनि विक्री दौलत बढोस् केन्द्रित बन्दै बल।

महामारी प्रकृति दैवी दिनमा आधार हुन कृषक
कोदो, तोरी र मकै फलाऔँ सबले सप्रन्छ हाम्रो जग
दीगो कृषि विकाश हो मुलुकको समृद्धि फस्टाउने
अर्गानिक बहुउब्जनी तिर बढौँ दुर्दान्त अस्ताउने।

पाखामा जल खेतबारी वनका, खोल्सा पखेरातिर
अम्बा, स्याउ र आँप, जुनार तरुलले, रोपी सिँगारौँ भिर
वैरी बाली किरा चिनेर पहिले भित्र्याउने हो धन
साझा मन्त्र लिऊँ बुझेर सबले ‘कृषि मूलश्च जीवन:’।
*****

*सबिना देवकोटा एग्रिकल्चर एण्ड फरेष्ट्री युनिभर्सिटीमा स्नातकोत्तर तहमा अध्ययनरत हुनुहुन्छ।*

# १५. म कृषि



**वासुदेव गुरागाईं**
**नुवाकोट, नेपाल**

माटो सञ्जीवनी हो
पटकपटक जीवन दिइरहन्छ
फसल अमृत हो
पटकपटक बचाइरहन्छ
जानी नजानी
हामी,
सबै यसैको बन्धनमा छौँ
यसैको खोजखबरी
र, चासोमा छौँ
पर्यन्त, जीवनपर्यन्त।

चाहे युरोप होस्, चाहे अमेरिका
चाहे एसिया होस्, चाहे अफ्रिका
सबै भूगोलको यथार्थ यो
सबै भूगोलको आवश्यकता यो
बाँचुन्जेलको भनाभन
पोलापोल, तानातान, कुटाकुट
अनि,
मानवता बिरोधी सङ्घर्ष र युद्ध
यी सबै,
झूट हुन् बाँच्नका लागि
अनावश्यक हुन्
मानवीय हित प्रवर्धनका लागि।

बाँच्नका लागि अपरिहार्य छु म
बचाउनका लागि अत्यावश्यक छु
नाक नचेप्राऊ फोहर माटो भनेर
नखुम्च्याऊ अनुहार कृषि भनेर
तिमीले
सित्तैमा पाएजस्तो हावा होइन म
आमाको गर्भबाट
निरन्तर तानिइरहने पानी होइन म
मेरा लागि सोच चाहिन्छ
एकसाथ,
पाखुरा र पौरख चाहिन्छ
निरन्तरको लगन, साधना
र, अगाध परिश्रम चाहिन्छ
तिम्रो पौरखअनुसार
दिइरहन्छु म तिमीलाई
न कुनै आफ्नो छ मेरो
न कोही पराई छ मेरा लागि
त्यसैले त
बिना पूर्वाग्रह बचाउँछु म तिमीलाई
जीवनपर्यन्त बचाउँछु
तिम्रो परिवार
टोल, छिमेक, राष्ट्र, अन्तर्राष्ट्रभित्र
सल्बलाउने
सबै, तिमी जस्ता प्राणीको
उद्धार गर्छु म
कृषिका नामबाट
सबैको आवश्यकता कृषि बनेर।
गोलाबारुद, बम, अणुबम र क्षेप्यास्त्र
अन्तरिक्ष नियाल्ने रकेट
र, स्वचालित विमानहरू
सबै मिथ्या हुन्
बाँच्न, बचाउनका लागि
धरातलीय यथार्थ खोज्दा
ती सबैको
सत्य आत्मा र अपरिहार्य पूर्वाधार
म कृषि
साथको मौसमी हावापानी, माटो
र, तिमी हामी सबैको
निरन्तरको चोखो पौरख।
*****

*वासुदेव गुरागाईं "पिँडालु पण्डित" हास्यव्यङ्ग्य विधामा सक्रिय श्रष्टा हुनुहुन्छ। वहाँका हास्यव्यङ्ग्य कविता, निबन्ध, नियात्रा, कथा, लघुकथा, हाइकु, धार्मिक चिनारी ग्रन्थ आदि एक दर्जन  कृति प्रकाशित छन्।*

# १६. किसानको महिमा



**शोभा शर्मा**
**पोखरा, नेपाल**

पूर्वी गगनमा रविको तेजले
लाली पोतिनुभन्दा सबेरै पहिले
चराचुरुङ्गीहरूको चिरविर आवाजसँगै
निन्द्रादेवीको काखबाट उठेर
गौमाताहरूको सेवामा तल्लिन हुने
एक पवित्र उद्देश्यका साथ
गाउँ शहरका भविष्यहरूलाई
दूध पिलाउने तिमी
साच्चै एक महान आमा हौ।

घाम, पानी केही नभनी
जाडो गर्मी पर्वाह नगरी
तपतप पसिनाले
माटोलाई सिंचित गरी
अनाजहरू उमारेर
भोका पेटहरूको ज्वाला
निभाउने तिमी
एक महान उपकारी।

जिउँदो इतिहास बोकेका ब्यक्तित्वहरू
बुढ्यौली उमेरमा खिइएर
अनि रोगले कमजोर बनाएको आँतलाई
रसिलो भरिलो फलफूल,
तरकारी र अनाज खुवाउने
तिमी एक महान सेवक।

साथै मृत्युको मुखमा पुगेका
कुपोषित प्राणीहरूको लागि
सञ्जीवनी बुटी फलाउने
तिमी एक महान परोपकारी।

अनि अझै, खाद्य श्रृङ्खलाको
माध्यमबाट
जगतका सम्पूर्ण प्राणीहरूको पालन
गर्ने
तिमी पृथ्वी जगतकै ब्रम्हा हौ।
जरजर उराठ भूमिमा
दुई हातका नङ्ग्रा खियाएर
कर्मको साधना गरी
मनमोहक सौन्दर्य भर्ने
तिमी एक अनुपम शिल्पकार हौ।

कृषि एक उपकारी पेशा
कृषि कर्म लोकपोकारी कर्म
सेवा नै परम धर्म
अतः पुण्य छ तिम्रो जीवन
किसान, गर्व गर आफूमा
साँच्चै महान छौ तिमी
तिम्रो महिमा अपार छ।
*****

---

*शोभा शर्मा हाल पशु सेवा तालिम केन्द्र, पोखरामा कार्यरत हुनुहुन्छ।*

# १७. किसानको कुरा गरौँ कि नगरौँ



**गणेश बेलबासे**
**दाङ, नेपाल**

समयमै धरतीले बीउ मल पानी पाएन
दिनभर लौरो टेक्दै मल लिने लाइनमा उभियो
बिचौलियाले पटक-पटक पायो तर उसले पाएन
म के गरौँ?

जलवायु परिवर्तनले पग्लियो
हिमाली मुटु
म बस्न सक्दिन यहाँ
पहाड झरौँ की बेसी झरौँ
म के गरौँ
किसानका कुरा गरौँ कि नगरौँ?

यता मुलुक जल जमिन जंगल जनता
र जडीबुटी बचाउन जीवन खर्चन्छ
उता मुलुक अशान्तिको आगो बाल्न
नहर देखि शहरसम्म जहर पस्कन्छ
म के गरौँ?

म जहरको बिरूद्द प्रहरको मुटु चुडौँ कि
प्रहरको निमित्त जहरको खोल ओढौँ
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?

आफ्नै नाभिको सुगन्ध उसले चाल पाएन
जल र जीवमा हाम्रो सम्पन्नता प्रचुर छ
भन्ने उसलाई ख्याल आएन म के गरौँ?

बीउ पैसा नीति सबै उतैबाट दिन्छ
र निःशुल्क सुटुक्क किन्छ पानीदेखि जवानी
अस्तित्वको सबै दुर्लभ गुणहरू
बनायो उसले खरानी
आफ्नै बीउ मासियो र काल साँचियो
बीउ जीवनको भन्ने थाहा पाएन
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ ?

गरिखानेको यहाँ कुटो
कोदालो छैन
आफ्नो हुनेलाई गरि खानु छैन
पाखो बारी बाँझै छ
ऊनको भण्डार शहरले खायो
म के गरौँ?

बचेखुचेको हाट बजार
खुला सिमानाले निल्दैछ
गोठबारीले आफ्नै मूल्य पाएन
सिमाना पारिले मूल्य पायो म के गरौँ?
कुराको खेतीले आजभोलि
कागजमा कृषि फल्दैछ
म के गरौँ किसानका कुरा गरौँ कि नगरौँ?

जहाँ जसले जे दान गर्यो तिनै कृषि नीति बन्छ
कहिले प्राङ्गारिक कहिले अप्राङ्गारिक
तर बन्दैन
माटोको थिति सुहाउँदो नीति, म के गरौँ?

भित्र जीवको मुटु विषादीले खायो
विषादीले मान्छेको
उखु - उद्योगले खायो
पैसा जति मालिकले
तर वर्षौंसम्म पाएन आधिकारिकले
म के गरौँ , किसानका कुरा गरौँ कि नगरौँ?

वर्षौदेखि बगिरह्यो कोशी, कर्णाली, इन्द्रावती
आकाशे पानीबिना हुँदैन केही खेती
पानीमा धनी देश - बनायो कस्ले यो दुर्गति
म के गरौँ?

सरकार तराई खनेर के घर बनाउँछ
पहाड खनेर खेतको

निती सजाउँछ
आफ्नै उत्पादन बाटोमा थाकेर देशबाट बगाउँछ
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?

श्रम समय र लगानी किसान खन्याउँदैछ
न्याय सम्मान र सुरक्षा कोही अर्कैले मनाउँछ
म के गरौँ?

प्रविधि यन्त्र र सुविधा पाउनेले त्यसलाई
बारीमा होइन, बैठक कोठामा लगेर थन्काउँदैछ
किसानलाई छैन भनी फर्काउँछ
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?

सही कर्मले यही माटोमा अर्थतन्त्र फलाउन सकिन्छ
हिमाली खाना आफ्नै हातले खाडी युरोप पठाउन सकिन्छ
तर सरकार आफ्नै इतिहास, भविष्य चिन्न सक्दैन
म के गरौँ?

कृषि उद्योग बन्द गरेर आयात बढाउँछ
तर निर्यात बढाउँदैन
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?

ऋण ल्यायो, अनुदान ल्यायो
सहयोग, योजना, परियोजना ल्यायो
कागजमा धेरै मोटायो
सबै किसानलाई भनी भट्ट्यायो

तर दले दाइलाई मात्र सबले पत्त्यायो
हो अब म के गरौँ?

साचो किसानलाई न हावापानीले पत्त्यायो ,
न सरकारी बाँणीले
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?

हलाहरू (यन्त्रहरू) को हरियो क्रान्ति बोकेर जीवनको
सपना उसले सजायो
खाडीबाट दिनहुँ फर्किने एक बाकस अफ्ठ्यारो
कथाले बसाइ धेरै वर्ष यतै अठ्ठायो
अन्तमा सकेन थेक्न ऋणको ऐठन
म के गरौँ ?

संविधान कानुन सबै कागजमा अक्षरमा ऊ छ, तर
ईमान्दार परिश्रमीलाई देशले
फेरि उतै पठायो
आफ्नै स्वाभिमान बेचेर धान विदेश पठायो
र चामल किनेर भुँडी बचायो
म के गरौँ, किसानका कुरा गरौँ कि नगरौँ?
*****

---

*गणेश बेलबासे कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर चितवनमा अध्ययनरत हुनुहुन्छ।*

# १८. खेती किसानी



**गोबिन्द बराल**
**भर्जिनिया, अमेरिका**

न चर्को घाम न दर्के पानी
न मध्यरात नहोस् बिहानी
छैन गुनासो बाउको निशानी
जय गृहस्थी खेती किसानी।

हिलोमा खेल्छु धानसित बोल्छु
घिरौँलासित जिस्किरहन्छु
राजधानी पुग्दा तिते करेली
झुल्कन्छ बल्ल दिलमा उजेली।

कहीँबाट आउँदा बाँ गर्छे गाई
भैसीले आँईआँई टाउँको नँचाई
गोरु मान्केको कुरै अलग छ
यो कृषि पेशा कति गजब छ।

असारको हिलो चैतका डल्ला
उघार्ने माध्यम प्रीतिका पल्ला
दुई बुढाबुढी छोरा र छोरी
गृहस्थी भित्रै मायाँको डोरी।

मोटा छन् भैसी बाख्रा लाम्कान
लटरम्म फलफूल स्वर्ग समान
तलोमा टन्न अन्नको जोहो
जीवन भन्नु चाहिँ यस्तो पो हो।

घाँसै चुँडे नि मेरो पैसैपैसा
आनन्द पेशाप्रति गर्वमै छ
महलमा पाइने तामझाम भन्दा
खेतकै छेउमा कति आनन्द।

अरू मस्त घुर्दा, गर्दै कुँडोपानी
राति नै डेरी पुग्ने भो बानी
गह्राकै डिलमा एकछाक खाना
दिनभर खेतकै काम तमाम।

मच्चेर खन्दा खेतका कुना
ब्यायाम जीममा भन्दा दुई गुना
काम छैन चर्को ट्याक्टर थ्रेसर
न पीर सुगरको न हुने प्रेशर।

चाहिदैनन् कुनै भिटामिन बट्टा
पुरै जहान छौँ हामी हट्टाकट्टा
कुहिनोबाट दूध् चुहाई
रोगकै काड्छौ हामी दुहाई।

ड्यार ड्यार गर्छन् बिराला ढाडे
बस्ती आई जुध्छन् अड्डाका साँढे
मात्र छ पीर यो गाउँघरमा
कैले हट्ला यो भय नभमा?

अड्डामा म्याँ म्याँ गर्छन् ती पाठा
घामै तापेर अघाउँछन् बाठा
बजारमा टोक्ने प्यूसा नभए
झन् अझै हुन्थ्यो आनन्दमय।
*****

*लमजुङमा जन्मेर हाल भर्जिनियामा बस्ने गोबिन्द बराल कथा, लघुकथा, कविता, गजल, गीत, र नियात्रा लेखनमा सक्रिय हुनुहुन्छ। कृषि विज्ञ बरालका हालसम्म २ वटा साहित्यिक कृतिहरु, कृषि र वातावरण क्षेत्रमा प्रचार सामाग्री र विभिन्न पत्रपत्रिकामा फूटकर लेखरचनाहरु पनि प्रकाशित छन्। नापाका साधारण सदस्य र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का आजीवन सदस्य समेत रहेर काम गरिरहेका बरालका दर्जनौ कविताहरु युट्युबमा समेत सुन्न सकिन्छ।*

# १९. खेतीको हैन कुराको खेती गर्न थालेँ



**पदमलाल भण्डारी**
**काठमाण्डौं, नेपाल**

कृषि विषय पढें अनि गैससको खेती गरेँ
खेतीको कुरा हैन कुराको खेती गर्न थालेँ
कस्तो अचम्म!
तीस वर्षसम्म खेती गर्दा पनि
यो बालीको जरो, टुप्पो, पात केही देखिन
फल पनि देखिन
पाकेको फलको स्वादको त कुरै नगरौँ
सानो चिचिलोको स्वाद समेत चाख्न पनि पाईन
२०४६ साल पछि विकासे बीउ, मल बेच्न
सयौं विदेशी संस्थाहरू कस्सिएका छन्
हजारौं नेपाली किसानहरूले
झोलामा बारी बनाएका छन्
महङ्गा चिल्ला कागजहरूमा, पाना पानामा
खेती गर्ने तरिकाबारे राम्ररी जोतिएको छ
बीउ छरिएको छ, मलजल गरिएको छ
तर गैससको खेतीमा बाली भन्दा
झारपात बढी मौलाएको छ
खेत बारीमा बाली भन्दा
झारपात हर्लक्क बढेको छ
खेती गर्ने तरिका सिकाउन
अहिले त कलेजहरूले समेत
नर्सरी बनाएका छन्
साना किसानको खेतीमा
बाली भन्दा झारपात मौलाउँदो रहेछ
सानै खेती भए पनि झार उखेल्न धेरै संघर्ष गरेँ
मैले झारलाई उखेल्न खोज्दा
उल्टै झारले मलाई तान्यो
मेरो केही लागेन
खेती गर्न औजार हुनेहरूका लागि
यो खेती रोप्न सजिलो छ
बाली थन्क्याउन सजिलो छ
औजार नहुनेहरूका लागि
न रोप्न सजिलो छ
न फडानी गर्न सजिलो छ
खेतबारीमा उम्रिएको झार उखेल्न म प्रयत्नरत छु
अपत्यारिलो तर सम्भव
यो खेतीभित्र उम्रिएको झार उखेल्न म लागिरहेछु
म लागिरहने छु।
*****

*कृषिमा स्नातक पदमलाल भण्डारी हाल त्रि.वि.वि. मा मास्टर्स अध्ययनरत हुनुहुन्छ। वहाँका दुई विकास उपन्यासहरू र ३०० भन्दा बढी फुटकर गीत, गजल कविताहरू प्रकाशित छन्।*

# २०. कृषि र कीरा



**शैलेस भट्टराई**
**जर्जिया, अमेरिका**

हरेकवर्ष, हरेक मौसम,के अचम्म भाछ
देशविदेश,घुम्दै फिर्दै नयाँ कीरा आछ
देशैभर हरियो परियो,सबै सखाप पार्ने
लौन साथी भनिदेउन यसलाई कसरी मार्ने?

सेतो कीरा, हरियो कीरा, थरि थरिका कीरा
फट्याङ्ग्रा र पुतलीले दियो धेरै पीर
पोहोर आयो छिरबिरे सलहको हुल
फुर्र आयो, भुर्र उड्यो, पात भयो झुल।

पुतली नि थरि थरिका, कोही रोग सार्ने
कोही छन् चुसी खाने, डाँठै बाट मार्ने
पात मुनि लुकी बसी, अण्डा पार्दो रैछ
अण्डा फुटी हुर्कनलाई बोटै मार्दो रैछ।

सुनपंखी खपटे कीराको धेरै ठूलो जहान
जोर भन्दा विजोर थोप्लेले गर्दो रहेछ कल्याण
लाही कीरा, मिलिबग, थ्रिप्स मारी खाने
यसलाई त बचाउन पर्ने, मैलेआज जाने।

माकुराले जाल हान्दा, औंसा कीरा पर्यो
नानाथरि बिषले भन्दा यसले काम गर्यो
परजीबी बारुलाको धेरै असल बानी
लार्वाले छानी छानी अरू किरा खानी।

मौरी उड्छ कोशौ टाढा, धेरै फूल चारी
परागसेचन सहयोग गर्छ, खुट्टीले धुल सारी
बोकी थुपार्छ मुखमा,  गुलियो मीठो रस
उत्पादनमा दिनु पर्छ यसलाई ठूलो जस।

रेशम कीरा छुट्टै खालको, पैसाको बोट
कीरा सबै एउटै होइन, लौ सबैले सोच
प्रेयिंग मेण्टिस देख्दा खेरी सबलाई डर लाग्ने
मै हु भन्ने कीरा फट्याङ्ग्रा धेरै पर भाग्ने।

बुझी राखौँ सबै कीरा हुन्न रैछन हानी
बचाई राखौँ असल कीरा, नमारौँ जानी जानी
विष छर्दा मासिन्छन् सबै, नराम्रा राम्रा कीरा
प्रकृतिले सन्तुलन गर्दा हुन्छ सबै थिर।
****

---

*शैलेश भट्टराई युनिवर्सिटि अफ जर्जिया, अमेरिकामा ग्राजुएटरिसर्च असिस्टेन्टको रुपमा कार्यरत हुनुहुन्छ।*

# २१. गरौं उन्नति कृषिको



**प्रेम नारायण घिमिरे**
**राईनासटार, लमजुङ**

सच्चा कृषक हौँ हामी,  दिनुछ कृषि चेतना
नङ्ग्रा हाम्रा खियाउनुछ, डाँडा पाखा र खेतमा
सिंचाई हो मूल श्रोत, भूमि योग्य गराउने
कृषक नै हो मूल व्यक्ति, अन्न धेरै फलाउने |

नेपालीपन हो हाम्रो, जहाँ जहाँ रहे पनि
प्रसँग कृषि कै गर्छौँ, जहाँ जहाँ भए पनि
कृषि क्रान्ति नभै हुन्न, उन्नत कृषि गराउन
हिमाल,पहाड, तराईलाई हराभरा बनाउन |

माटोको गुण छुट्याई, प्रबन्ध बीउको गरौँ,
प्रागांरिक मल बिछ्याई, बिजारोपण त्यो गरौँ
कृषि व्यावसायिक शिक्षा, लागुहोस् सर्वसुलभ
मणि फलाउन सक्छौँ,  शंका छैन कुनै अब |

पशुपालन नभै हुन्न, कृषिमा गर्न उन्नति
हामीसँग छ त्यो सीप, विधि युक्ति कति कति
नाङ्गा भिर खोल्सीमा, फलफूल लगाइदिउँ
बिचौलिया जति छन्, अर्कै देश भगाइदिउँ |

भूखण्डीकरण,भुक्षय,नदी कटान सँगसँगै
रोक्नैपर्छ कसै गरी, बेला सक्कीसक्यो अब
बालीमा लाग्ने केही किरा, छिट्टो गरी हटाइदिउँ
कमान्डर तोकी कृषिको, कृषि क्षेत्र पठाइदिउँ |

बाँझा जग्गा कति छन् ती, निकालौँ सब आँकडा
नीति निर्माण त्यो गरौँ, कडा भन्दा पनि कडा
दूषित ती वातावरण सबै, निमिट्यान्न गराइदिउँ
आफू बाँचेर धर्तीमा, सारालाई बचाइदिउँ |

इत्यादि सब कुराको, बनाई गुरुयोजना
लागु सरकारले गरोस्, जिम्मेवारी छ काँधमा
साना किसान योजना, लागु हुन् सर्वसुलभ
पर्यटन केन्द्र कृषिको, खोलौँ यहाँ छिटै अब |

जसले गर्छ असल काम, कृषि क्षेत्र कमानको
पुरस्कृत गरौँ उसलाई, उसको काम समानको
दिगो विकास सारा होओस्, उच्च भै कृषि क्षेत्रको
बल्ल मुस्कान छर्नेछ, कृषि प्रधान देश यो |

*****

*प्रेम नारायण घिमिरे कवि हुनुहुन्छ।" म पाखाको मान्छे","मेरो भन्नु","तिम्रो खोजीमा","संगठन प्रतिको एक झलक" आदि वहाँका प्रकाशित कृतिहरू हुन्।*

# २२. किसान



**निराजन बन्जाडे**
**अर्घाखाँची, नेपाल**

उठ्छ ऊ बिहान, घडी है छैन, चरा नि नउठ्दै
आकाशका तारा, लजाई सारा, घाम देखि नलुक्दै।

हेर्छ ऊ वारि,  हेर्छ ऊ पारि,  रित्तिएको भकारी
बीउको झोला बोकेर हिड्यो, सपना मनभरि।

हलोको कलम, पसिनाको मसी, खेतैको क्यानभासमा
कोर्छ है जमिन, भर्छ है टुसा, लहराउने धान आशमा।

कुलो है काटी, आली नै लगाई, पानी नि भरेर
मुहार नै फेर्यो, बेसीको फाँटले, रोपाई गरेर।

सुसेली हाल्दै, बिजुली चम्कि,  आकाशै करायो
पानीको थोपा, ठोक्किदा भुईंमा, मन नै रमायो।

धानका बाला, खुम्रेका छाला, सँगसँगै नाचेको
दुःखका आँसु, भुलाई हेर, किसान हाँसेको।

के हुन्छ आराम? के हुन्छ भोक? के हुन्छ थकाइ?
जान्दैन उसले, मान्दैन उसले, बालीलाई नभित्र्याई।

माया यो कस्तो, मोह यो कस्तो, किसानको लौ हेर
अर्को साल पनि, भित्र्याउन बाली, बस्छ उ पर्खेर।
*****

*छत्रदेब-६- अर्घाखाँची, नेपालका निराजन बन्जाडे कृषि विज्ञानमा स्नातक हुनुहुन्छ।*

# २३. प्रिय कृषक ❣



**सुरक्षा देवकोटा " इच्छा"**
**पोखरा, नेपाल**

मगमग त तिम्रो थोपा थोपा पसिना बसाउँथ्यो
माटोमा सुन फलाउने
अनि
हातमा सीप सजाउने
तर कस्तो बिडम्बना
तिनै मानिस फेरि भन्छन् "छि: कस्तो गन्हायो !"
नानाथरी अत्तर छर्किने तिनलाई के थाहा
पसिना भन्दा सुगन्धित के छ र अरू यहाँ?

बिहानै रविसँगै गाँसिएर खेतबारी पुग्ने उही
साँझ शशीसँगै जोडिएर घर फिर्ने उही
कृषक न त जाडो भन्छ
न त गर्मी भन्छ
न त हुरी भन्छ
न त बतास भन्छ !
अर्काको दु:खमा सुख खोज्नेलाई के थाहा
मानो उब्जाउन जस्तो गाह्रो के छ र अरू यहाँ?

बिचका बिचौलिया यहाँ व्यर्थैमा आउँछन्
तिम्रो पसिना सस्तोमा किनेर
महँगोमा बेची तिमीलाई शून्यमा झार्छन् !

तिमी रगत र पसिना बगाउने
अनि ऊ तिम्रो मजाक उडाउने
उफ् कति चिन्ताजनक
ऊ करोडपति
अनि तिमी रोडपति
तिम्रो पसिनाको मूल्य नबुझ्नेलाई के थाहा
मिहिनेत र परिश्रमभन्दा अनमोल
के छ र अरू यहाँ?

मेरी आमा भन्नुहुन्छ
"नुनको भार तिर्न गाह्रो छ छोरी"
म असमन्जसमा सोच्छु
अनि आमा पसिना पनि त नुनिलै हुन्छ
आखिर पसिना पनि त नुन हो
अनि कसरी चुपचाप बस्न सकेका
लाज नपचेका औतारी?
कजाएर खान जानेका सामन्ती
व्यापारीलाई के थाहा
कृषक बिना उनीहरूको हैसियत के नै छ र
यहाँ अरू?
*****

---

*सुरक्षा देवकोटा पब्लिक हेल्थमा स्नातक हुनुहुन्छ । वहाँ हाल ललितपुर स्थित एक संस्थामा प्रारम्भिक बालबिकास अफिसरको पदमा कार्यरत हुनुहुन्छ।*

# २४. कृषि अनि युवा



**प्रतिमा भण्डारी**
**माडीचौर, रोल्पा**

अतुलनीय सुनको बाला झुल्छ यहाँ, प्रयास गरेर त हेर
कुबेर नि शरणमा पर्छ यहाँ, यो भूमिलाई स्पर्श त गर
हिमालको अमृत पनि तराईमा बग्छ, मेटाई दिन्छ उसले प्यास
भातृत्वलाई अंगाली तराईपनि, दिने गर्छ धानको रास।

नाङ्गा छन् पाखा नाङ्गै डाँडा, मेटिंदैछ हरियाली यहाँ
लहलह गहुँ झुल्ने भूमिमा किन, गुड्दैछ वायुपंखी घोडा
आफ्नै भूमिलाई नकोट्याई युवा, परदेश सजाउँछौ कति?
सुनको महल ठडिन्छ तिम्रो, बग्छ पसिना देशकै निम्ति।

कुटो कोदालो खिया लागिसके यहाँ, नखाऊ खाडीको तप्को तिमी
उब्जाऊ डाँडा पाखा मकै र कोदो, पठाऊ अब युवाको साटो अन्नबाली
छिमेकीको रेलमा हाम्रा युवा ल्याई, सँगै पौरख गरौँला हामी
भरदिएर यहाँका गाँठागुठी त्यसमा, पठाउँला नि त्यसमा अर्गानिक कोसेली।

इन्धन आउने वायुमा हामीले, इस्कुस भरिदिएर सहजै पठाउँ
घर फलाउने चेष्टा छोडी अब, गमलामै हामी कागती फलाउँ
अतिथिलाई मोमो पिज्जा नदिई, कोदो फापर खुवाउँला नि हामी
आत्मनिर्भर बनेर नेपाली सबै, चिया बगान घुमौँला नि हामी।

बल्दो रगत उमालेर युवा अब, हलो जुवा उठाउँ हामी
सयपत्री गुराँस फुलाई यहाँ, मगमग सुवास फैलाउँ हामी
अश्विनी कुमारको खानी छ पहाड, अमृत चिन्ने प्रयत्न गरौँ
लम्कीचम्की सबै युवाहरू हामी, राष्ट्रको स्वाभिमान कृषिमा जगाऔँ।

अञ्जुली भरी मकै र भट्ट लिई, माटोमैअब रमाउँला नि हामी
मोहित पार्ने पर्यावरण गराई, असारे धान रोपौँला नि हामी
धन पनि यहीं छ, मन लगाएर एकचोटि प्रयास गरेर त हेर
म हात दिन्छु तिमीलाई आफ्नो, तिमी कृषिको हात समाएर त हेर।
तिमी कृषिको हात समाएर त हेर।
*****

*प्रतिमा भण्डारी प्राकृतिक श्रोत व्यवस्थापन कलेज माडीचौर, रोल्पामा अध्ययनरत हुनुहुन्छ।*

# २५. मेरो देश र खेती

(छन्द: शार्दूलविक्रीडित)




**रोजिना लोहनी**
**भरतपुर, नेपाल**

---

हाम्रो देश छ उच्च शीखर झनै यो शान हाम्रो धरा
जाती छन् र अनेक वृक्ष लहरा होला दवाई जरा।
यो माटो अति उर्वरा छ मलिलो खेती फलाए उही
कोदो धान मकै फले फल अलैंची फल्छ गेडागुडी।।

रोप्छौ खेत फलाउछौ खनिज त्यो खान्छौ र बाँच्छौ जन
भर्छौ पेट अहो छ शान्ति मनमा को बाँच्छ खेती बिना।
तिम्रा आँट र जोस जाँगर सरी भित्रिन्छ मोती यहाँ
खोज्दै जाउ छ श्रोत बाहुबलमा जान्छौ र अन्तै कहाँ।।

नेपाली पनमा लिएर मनमा उर्जा र उत्साह लि
फर्के है अब लौ स्वदेश जगमा गर्छौ अरे उन्नती।
गाई गोठ बनाई पाल पशु ती बन्छौ अरे उद्यमी
खेतीमा अनुदान दिन्छ सहजै हट्नेछ दुःखै पनि।।

खेतीमा छ अयोग्य भूमि त जहाँ उद्योग धन्दा गरूँ
पैठारी गर लौ स्वदेश जगमा उब्जिन्छ खेतीहरू।
बेसीका जति सम्म फाँट छ त्यहाँ फल्नेछ मोती अव
बाँझो खेत नराख है बन तिमी आफैं अझै मालिक।।

गाईबाट छ प्राप्त गोरस झनै गौ मुत्र चोखो चिज
बीऊ बीजन रोप उच्च सबले खोजी अझै उन्नत।
माछा मासु र सुन्तला फल अझै अण्डा छ ताजा झन
खाएरै अब फ्रेस तत्व मन लौ शुद्दी बनाऊ तन।।

जागौं आफु जुटेर पौरख गरी देखाउ है वीरता
नारा मात्र सधैँ नजप्नु अति भो टाढै बसोस् भ्रष्टता।
आफैबाट शुरू गरौँअब नयाँ जो काम को थालनी
साझा होस् व्यवहार राष्ट्र भरमा माटो छ साक्षी भनी।।
*****

---

*धादिङ खैरहनीकि रोजिना लोहनी, हाल भरतपुर चितवन बस्नुहुन्छ। कविता लेखन तथा वाचनमा वहाँको अभिरुचि छ। यो कविता प्रतियोगितामा प्रथम भएको थियो।*

# २६. कृषिमा आधुनिकता



**ध्रुव प्रसाद ढकाल**
**गण्डकी गा.पा., गोरखा**

कृषि प्रधान देश हाम्रो कृषि मूख्य पेशा
संसार भरि छैन अरू नेपाल जस्तो देश।
भारो पर्म ऐँचोपैँचो संस्कृति छ राम्रो
खुसीपना खोजी हेर एसिया मै हाम्रो॥

आधुनिकता चाहिंदैन भो युक्रेन रुस जस्तो
ढिँडो फां ँडो खान्छौ बरु फल्छ जस्तो मस्तो।
छैन मन बम गोलामा तड्पी तड्पी मर्न
दश नङ्ग्रा खियाएर सकौँ पेट भर्न॥

यो देशको मुहार फेर्छ  कृषि नयाँपनले
युवाहरू जाग्नुपर्छ मुखले हैन मनले।
व्यावसायिक खेतीपाती आधुनिक प्रविधि
अथाह छ श्रोत साधन, अमूल्य छ निधी॥

लगानीका श्रोत सारा सरकारले देखाऊ
बजारको विकास विस्तार कानूनमा लेखाऊ।
स्वावलम्बी युवा किसान पुरस्कृत गर
आयात घटाई छोड्नुपर्छ विदेशीको भर ॥

पकेट क्षेत्र मूख्य बाली के के हुन्छ खोज
स्थानीय तह प्रदेश आफ्नो लक्ष्य खोज।
विदेशिने तमाम युवा आफ्नो देशमा तान
समृद्धिको लक्ष्य टेक्न कृषि उद्योग छान॥

व्यावसायिक शिक्षा सँगै सिगार्नुछ देश
जसैगरी सुधार्नु छ हाम्रो परिवेश।
जलवायु परिवर्तन रोक्नलाई विनाश
अर्गानिक खेती सँगै गरौँ देशको विकास॥

नेपालको उत्पादनले विश्व बजार छाओस्
किसानले सानसँग बाँच्ने दिन आओस्।
सुनाखरी फुले जस्तै भिरको टाकुरामा
श्रम सीप कला फुलाउँ हाम्रो पाखुरामा ||

*****

---

*ध्रुव प्रसाद ढकाल दिघेश्वर माध्यमिक विद्यालयमा अध्यापन गर्नुहुन्छ। वहाँका अडियो कविता, गजल संग्रह तथा कविता संग्रह प्रकाशित छन्।*

# २७. किसान मेरो बुबा



**विमान अर्याल**
**स्याङ्जा, नेपाल**

कहिले लेक त कहिले बेसी काँधमा हलो र जुवा समातेर
मेरो बुबा मुस्कुराउँदै आफ्ना पाइलाहरू बढाउँदै गरेको देखेँ मैले
मेरो बुबाले आफ्नो औंलाले ती सुन्दर बोटहरू देखाउँदा
प्रकृतिको रमाइलो लाग्दो हरियो चम्किलो पात हावामा नाचेको देखेँ मैले।

मेरो खरबारीमा रहेका सुन्तलाका पात नसा वाला डाँठ
जति निचोरे पनि जति पखाले पनि हरियो नै छ
सायद मेरो बुबाको पसिना मिसिएकाले होला
दिन रात माटो र गोबरमा खेल्ने ती हातहरूले
हलो जुवा उचाल्ने ती काधँहरूले।

सहरकै आवश्यकता पूरा गरिरहेको छ
सुन्दर संसार बनाउने बाटो खनिरहेको छ
सहरमा लगी फलेका सुन्तला र अम्बा बेच्दा
साटोमा महङ्गा-महङ्गा बरफले थकाइ मेट्दा।

मलाई यसले लाग्यो साँच्चिकै कति रसिलो सुन्तला
सायद मेरो बुबाको रगत-पसिना मिसिएकोले होला
सहरमा पस्दै अनौठो सपना बुन्दै
ठूला ठूला महल सकि-नसकि हेर्दै गएँ।

मलाई यस्तो लाग्यो कसैले चामलको एउटा गेडामा
कैयौँ किसानको पसिना, सपना र रहर किनेका छन्
के यति सस्तो छ त कसैको जीवन?
सिनेमाको पर्दाहरूमा मैले कहिल्यै मेरो बुबाको तस्वीर देखिन
तर मेरो र धर्ती हावाको हृदयमा छापिएर रहेको छ
मेरो बुबाले हलो जोत्दै गरेको फोटो।
जीवन राम्रोसँग जिउने नै कलाकार हो
तपाई त कसैले नदेख्ने श्रमको ईश्वर हो
हो मेरो बाबा श्रमको ईश्वर हो।
*****

*विमान अर्याल प्राकृतिक स्रोत तथा व्यवस्थापन कलेज पुरन्चौर, कास्किमा अध्ययनरत हुनुहुन्छ।*

# २८. म र मेरो मालिक



**अनु रानाभाट**
**चितवन, नेपाल**

नमस्कार मलाई चिन्नुभयो?
म उही हजुरसँग अटुट सम्बन्धमा बाँधिएकी
माटोमा हुर्की हजुरको पेट सम्मको
यात्रा तय गरी
मनलाई प्रफुल्ल पार्ने
अनि मेरा मालिक
घामपानीलाई कर्म र माटोलाई धर्म मानी
एउटा काँधमा हलो, कोदाली त
अर्को काँधमा बोध र जिम्मेवारी बोकेका
अन्नदाता

म लहलह झुलेका बाली देखी
फलाउने पिडाले नपिरोल्ने मालिकको
थालीसम्म पुग्दा
मेरो बयान धेरै
मसँगै मालिकको मेहनतको चर्चा हुन्थ्यो भने
सायद म वारभन्दा बढी धक्क फूल्थेँ,
बासमतीभन्दा बेसी लम्कन्थेँ,
जुराएल भन्दा बढी सुवास छर्थेँ

कर्तव्यनिष्ठ नभएका देशका ठूलाबडाले
मलाई हृष्टपुष्ट नदेखेपछि
निरीह सोचाइले मेरो हित नसोचेपछी
मेरो आहारको लागि बिना कोही साहारा लिई
घामपानीको प्रवाह नगरी
मेरो मलपानीको निर्वाह गर्ने
साहसी हुन् मेरा मालिक

यति हुँदाहुँदै पनि जब
म माटोमा बासदिने मालिक देखि
माटोमा नरोपी मुरी फलाउने मालिकसम्म पुग्छु
तब आराम धेरै, तब बिश्राम धेरै
तब बाटा धेरै, तब नाता धेरै
बाटाका ढुंगाले ठेस त त्यसबेला लाग्छ
जब बिचौलियाको रचित
विभीषणले बिचल्ली पारेर
मलाई महँगा बनाई मालिकलाई नांगा बनाउँछन्

मलाई अहिले त चिन्नुभयो नि?

म मेरो सम्मान खोज्दिन
तर थालको भरिपूर्णता देखि लिएर
पेटको पूर्णता र मनको प्रसन्नता सम्मको मेरो
यात्राका मालिक
मेरो दातालाई मुरी मुरी सम्मान।
*****

*अनु रानाभाट त्रिभुवन विश्व विद्यालयबाट कृषिमा स्नातक हुनुहुन्छ।*

# २९. नफर्कनेका नाममा



**अश्विना ढकाल**
**चुँदी , तनहुँ**

आमाले खोरियामा मकै खन्दाखन्दै
जन्मेका मेरा साइँला दाइ
खेतमा लगाइएको गहुँ बेचेर पढे
आमाले सोचे जस्तै
ठूलो मान्छे बने
स्वदेशमा मात्र हैन
विदेशमा पनि
नाम र दाम कमाउने भए
मेरा साइँला दाइ
परदेश भासिएपछि
बुढीआमा एक्ली रहेकी हुन्
माली गाई
आमाको साथी भएकी हुन्
गाउँको जङ्गलमा एक्लो घर
आँगनमा नाति खेलाउने आमाको रहर
अपसोच !
साइँला दाइले परिवार परदेशै लगे
आमामात्रै गाउँमा एक्लै छोडे।

विदेश जाउँ,
खोरियाको माया लाग्छ
आफ्नै पसिना भिजेको माटोले तान्छ
नजाउँ,
प्राण उड्दा सुनपानी दिने कोही हुन्न
हृदयको भाषाले कसैलाई छुन्न
यस्तै गुनगुनाउने मेरी यी आमालाई
नयाँ चोली र पछ्यौरी भन्दा पनि
पुरानै धोतीको आँचलमा
नातिनी लुटपुटिएको हेर्न मन छ।

सक्छौ भने साइँला दाइ,
आमाको पुकार सुन
मनमा केही कुरा अवश्य गुन
तिमीलाई हुर्काएर
ठूलो मान्छे बनाएको तिम्रो माटोले
तिमीलाई नै रोजेको छ
रुखो खोरियाले हराभरा हुन
तिम्रैसाथ खोजेको छ।

आउ साइँला दाइ,
तिमी र म मिली बाँझो बारी पुनः खनौँ
धाँजा फाटेका खेतमा पुनः सिंचाइ गरौँ
बगैँचामा आँप र कटहर पुनः रोपौँ
आमाको रित्तो कोख पुनः भरौँ
अनि, खोरियामा र टारीखेत हराभरा पार्दै
देशको मुहार फेर्ने संकल्प गरौँ।
****

# ३०. किसान - छैनन् सानका वस्तु



**प्रमिला शर्मा**
**दाङ, नेपाल**

म सँग सँगै आज
मलाई चिनाउन केही सानका वस्तु छैनन्
न बारी न हजारी न त बाली न थाली न त ताली
छन् त केवल शब्द जो कोही सुन्दैनन् कोही बुझ्दैनन्
न कोही सुन्न चाहन्छन् न बुझ्न
किनकि म किसान हुँ
म सँग कुनै सानका वस्तु छैनन् मलाई चिनाउन

पहिले धानको लागि हिलो बनाउन
भालेको आवाजसँगै खेतमा पुग्ने मेरा खुट्टा
अहिले खाटका खुट्टा जोडले समाउँदै
आफ्नो वजन घटाइरहेको छु
र बजाइरहेको छु टुकटुके मोबाइलमा समाचार
जहाँ भनिएको छ धान लगाउने मौसममा पानीको
अभाव
अनि अभावमा छचल्किन्छन्
मनका भावहरू आँखाबाट
परन्तु पुग्दैनन् सिँचाइका लागि
अनि बाँझो रहन्छन् खेत र बारी, म हुँदाहुँदै
जस्तै बाँझी कहलिन्छिन आमा, सन्तान हुँदाहुँदै !

जब विकासका नाममा विनाश भइरहेको देख्छु
अखण्डताको माला जपी जमिनको खण्डिकरण
देख्छु
तब लाग्छ भूमिको हैन
म मुनि र म माथी भरोसा गरेका भोका पेट खण्ड
खण्ड भएको देख्छु!

उब्जिरहेको बालीमा
डोजर लगाएको हेर्न उभिएका मान्छे देख्दा
लाग्छ उसलाई भत्किएकै चियाउन मज्जा लाग्छ
तर चियाएका आँखा जब चितामा पुग्छ भोकले
तब मज्जाले सजिनेछ फोटो भित्तामा
मैले उब्जाएको सयपत्री फूलले!

जतिबेला भुल्न थालिन्छ
मुखमा च्यापिएको मकैका घोगाहरू
त्यतिबेला फुल्न छोड्छन् खुसी र शान्तिका फूलहरू
जब माटोलाई कुल्ची ठड्याइन्छ विनासका
खम्बाहरू
तब ढल्नेछन् आशा र भरोसाका निबहरू
जब बगाइन्छन् रगत र पसिना पराइ माटोमा
तब फगत सुख्खा हुन्छन् स्वदेशका भूमिहरू
तिर्खाएका आँतहरू र लाचार हुन्छन् किसानका
हातहरू
भूमिको वदन छेदछेद नगरौं कृषि प्रवर्द्धनको नाउँमा
सजाउँ  भूमि एकीकृत कृषि प्रणालीले गाउँगाउँमा !
*****

*प्रमिला शर्मा सुदुर पस्चिमान्चल विश्वविद्यालयमा कृषि विभागमा अध्यनरत हुनुहुन्छ।*

# ३१. मझदारको जिन्दगी



**रोशन पुन**
**हिरोसिमा विश्वविद्यालय, जापान**

म ब्युँझन्छु
अनि ब्युँझन्छ विहान
ब्युँझाउँछु हलो र जुवा

उज्यालो बोकेर
जब पुग्छु खेतको ढोका
हुर्कदै गरेका मकैका घोगाहरू मुस्कुराउँछन्
अधिपत्य जमाउन उद्दत झारहरू मुर्झाउँछन्

माटोको वक्षस्थलमा
जसै सल्बलाउछन्
हलोका औंलाहरू
गड्यौलाहरू फेरि पुरिइजान्छन् कि भनेर
चराहरू मलाई पछ्याउँछन्

आफ्नो समय बाँचिसकेका तरकारीहरू
कसैको भान्सामा पुग्ने
वा कुनै पसलको छिँडीमा बसेर
ग्राहक कुर्ने हतारोमा छन्
आफन्तकोमा उपहार भएर जान वा
कसैको भोकको प्यास निभाउन तयार छन्
अम्बाहरू
नानी बाबुसँगै स्कूल जाने दौडमा छन् सुन्तलाहरू

यति रंगिन इन्द्रेणी बोकेर पनि
किन श्याम श्वेत छ मेरो जिन्दगीको क्यानभास?

जस्तो कि
ननिदाउँ भने
खेत भरी लहलह धानले बयेली खेलिरहेछ
निदाउँ भने
पोहोर जस्तै
झरीसँगै बगी जाने पो हो कि
वर्षभरि जोगाएको, हुर्काएको पसिनाको पहाड

श्रमको भाउ पाउँछु कि पाउँदिन?
चिन्ता छ
बिरुवाले मागेको बखत
दिन सकिन भने मल
विरोधमा
सुकिजाला भन्ने खतरा छ
खडेरी त जसो तसो ऐंचो-पैँचोमा टरिजाला
माटोले मागेको बेला
बीउकै खडेरी भयो भने कसो गरुँला?

धानको सिक्री हेरेर रमाइरहेको सरकारलाई
ऋणको सिक्रीले बाँधिएको मेरो व्यथा
सुनाउँ कि नसुनाउँ?

कोदालीको अक्षरले
कोरुँ कि नकोरुँ
म र मेरो परिवारको गन्तव्य
वा सुरु गरुँ
कहिल्यै नगरेको, नजानेको नयाँ काम
अथवा हालुँ
राहदानीको दरखास्त!
*****

*रोशन पुन, हिरोसिमा विश्वविद्यालय, जापानमा अध्ययनरत हुनुहुन्छ। प्रतियोगितामा यो कविता द्वितीय हुन सफल भएको थियो।*

# ३२. भोलिको म किसान



**अरूणा ढकाल**
**गोरखा, नेपाल**

म त अब यो देशको असल किसान बन्छु
पौरखको कोदालीले बाँझोखेत खन्छु
आजै बाट श्रमलाई सम्मान गरौँ भन्छु
विदेशिने दाजुभाइको पीर व्यथा सुन्छु |

देशलाई दु:ख पर्दा दिलो ज्यान दिन्छु
समाजको सान बन्छु ठाडो शिरले हिड्छु
आफ्नै देशमा कोदो फलाई गुन्द्रुक ढिड़ों खान्छु
भ्रष्टाचारी व्यभिचारी कानूनले बान्छु|

चोरलाई चौतारीमा बस्न दिने छैन
विदेशमा बेच्न दिन्न आफ्ना भाइ बैना
कला सीप श्रम मिसाई ज्ञानको घरमा राख्छु
किसानको अगुवा भै सिंगै देश हाँक्छु |

कृषकलाई देख्दा सारा झुक्ने छन शिर
सरकारले बुझ्ने छ ती श्रमिकको पीर
गाउँ बस्ती खोलाटोला शंखघोष गर्छु
अकालमै मर्न परे देशकै लागि मर्छु |

कृषि प्रधान देश मेरो चामल आयत गर्ने
वर्षै भरि साँझ बिहान कसरी छाक टार्ने?
घरमुनिको बाँझो गैह्री नसकेर हेर्न
छोरो विदेश गाछ अरे आमाको साडी फेर्न

त्यसैले, म त
पसिनाको दाना रोपी फ़लाउँछु सुन
सबैलाई सिकाउँछु स्वाभिमानी हुन
स्वावलम्बी स्वविवेकी राख्छु पहिचान
झुक्न दिन्न नेपाल र नेपालीको सान |

म त अब यो देशको असल किसान बन्छु
पौरखको कोदालीले बाँझो खेत खन्छु |
*****

*अरुणा ढकाल (अनुराग), नेपालीज युथ फर क्लाइमेट एक्सनमा स्वयंसेवकको रुपमा कार्यरत हुनुहुन्छ।*

# ३३. म बिरुवा – मेरो सन्देश



**निराजन बेल्बासे**
**नेपाल**

म बिरुवा आफ्नो खाना आँफै बनाउँछु
मानिस र जनावरको लागि आँफै खाना बन्छु
योगदान हेर्नुहुन्छ भने, आफू अरूको लागि मात्र छु
दैनिक खेतबारीबाट भान्सा भान्सा सर्वत्र छु

गरिबको बारी भनिन, धनीको कौसी भनिन
अक्सिजनको कमि गर्दिन, भान्सा जान्न पनि भन्दिन
विषादीलाई खेपेकै छु, अम्लीय माटोमा पनि देखिएकै छु
जनावर, मानिस, किरा सबको भोक मेटेकै छु

तिम्रो स्वास्थ राम्रो राख्न, मेरो घरपनि स्वस्थ बनाउ
मेरा शत्रु किरा-रोग मार्नुछ तर असर आफूमा पर्नेमा डराउ
रासायनिक विषादी मै माथि थुप्रीई तिमीमा गई तिम्रो स्वास्थ बिग्रन्छ
गुनासोको एक बिन्तिपत्र ल्याएकोछु हे मानव सर्वत्र पुर्याउ

म माथि रसायन, मेरो माटोमा रसायन, विष नै विष जतातता
हावामा प्रदुषण, माटो, खानामा प्रदुषण, कसरी कायम रहला मानव सभ्यता
अव रसायन हैन प्रांगारिक मल ल्याउ, म खुसी मेरो माटो खुसी
माटोको गुण बिग्रदैन वर्षौवर्ष दिउँला म दिगो कृषि

बिग्रेको छ माटो, बीउले सोध्छ, "आमा कसरी हुर्किने म यो माटोमा"
रासायनिक विषादी छर्कन्छौ शत्रुकिरा मार्न, मरिराछन् मित्रकिरा साटोमा
सबै जान्ने बन्दा, नलागन हे मानव पारिस्थितिक चक्र बिगार्ने बाटोमा

जैविक मल ल्याउ, प्रांगारिक मल ल्याउ, अब माटो बनाउ
जैविक विषादी, पासो, ल्युर आदिबाट शत्रुजीव समाउ
आजलाई फलाई, माटो स्वास्थ्य गलाई, कसरी बाँच्छौ तिमी
अर्गानिक खेती गर्नुपर्छ भनी, सन्देश अब सन्ततिसम्म पुर्याउ।
*****

---

*निराजन बेल्बासे कृषि बिषय बागवानीमा स्नाकोत्तर गर्दै गरिरहेका र बिगत ७ वर्ष देखि कृषि उत्पादन, बजारीकरण र प्रशिक्षणमा संलग्न हुनुहुन्छ।*

# ३४. माटो-बिरुवा र जीवन



**भुवनेश्वरी सुबेदी**
**लबक, टेक्सास**

माटोमा जन्मिएर, माटोमै फुल्छन् सब जीवन
माटोकै सुगन्धमा लटपटिदै, माटोमै भुल्छन् ती जीवन
माटोमा नै जलाधार बन्दछन्, माटो बिना छैन जीवन
माटाकै भाँडा–वर्तन बन्दछन्, माटामै गगनचुम्बी भवन

माटो भन्नु नै भूमि हो,  फलफूल-अन्नपात उब्जाउने
माटो नै मुख्य आधार हो जीवको, जन्मने–हुर्कने रमाउने
माटोमा नै बास बन्दछ सबको, त्यहीँ हो निदाउने-ब्यूँझिने
जन्म देखि मृत्यु पर्यन्त, माटोनै हो मुख्य चाहिंने

माटोको उचित सम्भार नगरे, त्यसले विनाश निम्त्याउँछ
पाखा पखेरामा पनि रोपे, फलफूल बोटबिरुवा पलाउँछ
अति अपार छ यो बोटबिरुवा, औषधी यसैको बन्दछ
बोट बिरुवाबाटै खाट-खटिया, आवास पनि बन्दछ

शरीरलाई चाहिने हितकारी तत्व, बिरुवामा नै पाईन्छ
भुवादारी कपास उमारी,  न्यानो वस्त्र समेत बनाईन्छ
दूषित हावा उपयोग गरी बिरुवा, प्राणवायु बनाई फाल्दछ
अन्न -पात फलफूल दिई हुर्किएर, त्यो दाउरा बनी बल्दछ

बोट-बिरुवाले नै दिन्छन्, प्राण धान्ने आधार जगतमा
मान्छेले गरिरहेछन् तिनै, बिरुवा माथि प्रहार फ़गतमा
जमिनमा मलखाद राखी यसको, उर्वरता जोगाउनुपर्यो
बिषादी बिना फसल उमारी,  प्राणी जगतलाई खुवाउनुपर्यो

जतातते बोटबिरुवा-अन्नबाली,  हरियाली बनाउनुपर्यो
लटरम्म फलफूल फलाएर,  खुसियालीमा सबै रमाउनुपर्यो
त्यसैले, खेती योग्य भूमिलाई,  स्याहार- संरक्षरण गर्नु पर्यो
खेती नहुने पाखो पखेरामा, गाउँ बस्ती बसाल्नु पर्यो-२
*****

*भुवनेश्वरी सुवेदी  नापा जोइन्ट फेमेली  लाइफ मेम्बर हुनुहुन्छ। जनप्रशासनमा स्नातकोत्तर सुवेदी विभिन्न समसामयिक साहित्यिक विधामा रुची राख्नुहुन्छ।*

# ३५. उन्नत कृषि



**जीवनहरि शर्मा**
**खरेलडाँडा, इलाम**

प्रविधि नयाँ चिनेर गर्दैन खेती किसान
पुरानो विधि छाडेर कसरी बन्ने नवीन
जमिन चक्ला भएका हटाउँ सारा पहिले
योजना लामो बनाए उन्नति हुन्छ कृषिले।

बिजन बीउ नयाँ होस् सिँचाइ मल साथमा
प्रणाली घुम्ती बालीको प्रविधि हात हातमा
जमिन खाली नराखौँ उब्जनी दिन रातमा
बाली र नाली सबैका अनेक जात खेतमा।

यान्त्रिक खेती सभ्यता भित्र्याउँ हाम्रा खेतीमा
चिन्तन सोच सुधारौँ फैलाउँ नयाँ चेतना
विज्ञता भित्र पसेर दिमाग यहीँ लगाउँ
लगानी थोरै गरेर उब्जनी धेरै बढाउँ।

कम्मर कसी लागौँन कृषिमा क्रान्ति ल्याउँन
नमुना बनौँ किसान सुख र शान्ति ल्याउँन
अन्न र फल तरकारी करेसाबाट ल्याएर
निरोगी स्वस्थ बनौँला उब्जनी ताजा खाएर।

विश्वका मान्छे बनिए कृषिमा नित्य लागेर
हुँदैन देश उन्नति विदेश मात्र धाएर
युवक आउ जुटेर हुँदैन काम फुटेर
हिरा र मोती फलाउँ जमिन आफ्नै कुटेर।
प्रधान कृषि देशमा किनेर खान्छौँ तरकारी
हुँदैन यस्तो चालाले योजना आउन् सरकारी
सुविधा सेवा दिएर सन्तुष्ट पारोस् कृषक
आत्मनिर्भर बनेर उन्नति हुन्छ यो देश।

धनी र विद्वानहरू हो ओर्लेर आउ खेतमा
जान्ने र बुझ्ने तिमी नै अगाडि लाग कृषिमा
आँगन छत गमला तरकारी फल फल्दछ
नसोचौँ सानो कसैले निर्वाह त्यसै चल्दछ।

फल्दछ कहाँ के के हो गरौँ न खेती हाँसेर
ढुङ्गामा माटो छापेर व्योममा तला गाँसेर।
****

*जीवनहरि शर्मा ''छन्द कवि''छन्द कविता विश्व अभियन्ता ,कविता विधाका सकृय स्रष्टा, वहाँका २ छन्दका खण्डकाव्य र १ छन्दकै कविता सङ्ग्रह प्रकाशित छ। वहाँको युट्युबमा छन्दका कक्षाहरू र विभिन्न सङ्गीतमय रचनाहरू, टिष्टाको सन्देश नामको खण्डकाव्यको अडियो बुक पनि उपलब्ध छ।*

# ३६. अर्थतन्त्रको आधार कृषि



**सुरेश चन्द्र घिमिरे**
**दोर्दि, लमजुङ**

किसान हामी बन्दछौं नामी राष्ट्रका गहना
पौरखी हात अटल देख्छु समृद्ध सपना
गौरव गर्छु कृषि यो पेशा ठूलो छ महत्व
माटोमै हाम्रो जीवन विल्छ धर्तीमै छ तत्व।

गरीब दु:खी संभ्रान्त सुखी जीविकोपार्जन
कृषि नै त्राण नसामा प्राण गर्दछौँ आर्जन
बालक बृद्ध निरोगी रोगी चाहिने पोषण
कृषिको माध्यम गोरस फल फक्रन्छ जीवन।

कृषक भन्न लाग्दैन लाज खुसी छ मलाई
गौरवशाली स्वतन्त्र पेशा गर्दैछु भलाइ
यो मेरुदण्ड अर्थतन्त्रको कृषि नै आधार
अङ्गप्रत्यङ्ग  विकास बन्छ कृषक छ सार।

अनुसन्धान प्रविधि नयाँ गरेर निकास
उत्पादकत्व कृषिमा दिगो बढाई विकास
हातमा ठेला पैताला फुटे माटोमै मिलेर
स्वाधीन हुँदा प्रतिष्ठित् बन्छु राष्ट्रले चिनेर।

कृषिमै क्रान्ति गरेर छाड्ने बलिष्ठ वक्ष छ
सफलताको शिखर चुम्नु  यही नै लक्ष छ
हरित क्रान्ति गरेर गाउँ आपूर्ति शहर
श्रम र सीप लगानी गर्छौं फुल्दछ फर्फर।

गर्दछौं हामी श्वेत यो क्रान्ति नेपाली माटोमा
आत्मनिर्भर समृद्ध देश धर्तिको पाटोमा
उद्यमी बन्छौं योजना नयाँ सिकेर प्रविधि
फल्दछ सुन लाग्दैन घुन लिएर सुनीति।

जैविक खेती जीवन स्वस्थ्य बुझेर प्रचार
विदेशिएर पर्दैन रुन उद्यम आधार
स्नातक भयो कृषिमा शिक्षा नमूना बनेर
किसान बन्दै समाजलाई देखाउँ भनेर।
****

---

*सुरेश चन्द्र घिमिरे नेपाल सरकारको पशुसेवा आठौँ तहबाट निवृत्त हुनुभएको हो। वहाँ हाल साहित्य साधानामा संलग्न हुनुहुन्छ।*

# ३७. कागजमा कृषि



**सृजना पौडेल**
**प्यूठान, नेपाल**


ए, मूर्ख किसान
तिमी, यो के गर्दैछौ?
अझैपनि माटोमै छौ!
तिमीलाई थाहा छैन
कृषिमा आधुनिकता छाइसक्यो
आधुनिक बन
यही माटोमै लडीबुडी गर्नाले
तिम्रो स्तर उस्केको छैन
अब, अलिक बुद्धिमानी बन
कृषिमा क्रान्ति छाइसक्यो
क्रान्तिकारी बन
माटोलाई त्याग
अब, कृषि माटोमा गर्नु हुँदैन
कागजमा गर्नुपर्छ
कागजमै कृषि क्रान्ति ल्याउनुपर्छ।

कागजमा कृषि गर्नेहरूलाई हेर त
कति सुकिला छन्
कति खुसी छन्
कति प्रगति गरेका छन्
तिम्रो दुःख नसुनेको
समस्या नबुझेको गुनासो गर्न बन्द गर!
तिम्रै गल्ती हो
तिमीले माटोमा कृषि गर्न खोजिरह्यौ
कागजमा कृषि गर्नेहरूको दुःख
सबैले सुन्छन्, सबैले बुझ्छन्
त्यसको समाधान गर्दिन्छन्
त्यसैले, तिमी आफ्नो जिद्दी त्याग!

तिम्रो दुःख, गरिबीप्रति कसैको चासो छैन
छाडिदेउ तिमी पनि
अरूको प्रवाह गर्न
छाडिदेउ अन्न उब्जाउने
जीवन धान्ने कुरा गर्न
कति त्यही माटोमै अल्झिएर
धुलाम्मे बनिरहन्छौ!
अब, अलिक स्वार्थी बन
तिमी पनि कागजमै कृषि गर।।
*****

*सृजना पौडेल हाल कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपूर, चितवनमा अध्ययनरत हुनुहुन्छ।*

# ३८. चाउरिएका गैह्रीखेतहरू



**सुरज के सी**
**दाङ, नेपाल**

मार्सी र जेठोबूढोहरू लखेटिएर
बास्मतीहरू भित्र्याइएपछि
चाउरिन थालेका हुन मेरा गाउँका गैह्रीखेतहरू
जसरी किसानी गर्न वेवास्ता गरेर, जन्मिएका थिए
गाउँमा घडेरीका अनुहारहरू
केही हजार अनुदान
केही कागजी परिमार्जित कृषक अधिकारहरू बजिरहन्छन्
सिँहदरबारका आदिम भित्ता वारपार
नेताज्यू, हरसाँझ एक पेग झोलले
बदल्न सक्नुहुन्छ, लाखौँ किसानको हातमुख जोर्ने खेतहरूलाई
बाँझो मरुभूमिमा
प्लटिङ्ग प्लानिङ्गको तक्मा भिराएर
उताफेरी
पोखिइरहन्छन् बजार नपाएका दुधका क्यानहरू
आक्रान्त भइरहन्छन्, जमिन जोतेर बूढा भएका भोकापेटहरू
भाउ नपाएका तरकारीहरू मलखादमा सुइँकिन्छन्
खोरेत लागेका पशुहरू प्राण छँदै गाडिन्छन्
जब खोक्रो काठमाडौं फलाकिरहन्छ
सिनेम्याटिक कृषि नाराहरू देशैभर
एउटा कृषिको विद्यार्थी विरक्त भई टाउको कन्याइरहन्छ
तपाईं पनि त कानमा तेल हाले जसरी बसिरहनु हुन्छ
ओटमिल, चेरी, बदामले भरिएको तपाइको ब्रेकफास्ट प्लेटले
टिभीमा बजिरहेको कृषि समाचारलाई
कुरीकुरी भनिरहन्छ हर बिहान
बास्मती लङग्रेन, केल, काजु, खजुरहरूले
जब भरिन्छ तपाइको स्वादिलो डिनरप्लेट
पत्रिकाको मध्य पृष्ठबाट गनाइरहन्छ एउटा समाचार
"किसानहरू आमरण अनसनमा"
पिँडालु, गिठ्ठा र भ्याकुरहरू
चुच्चे करेला र सिलामहरू हराएका कथाहरू भइसके
कहानीमा सीमित, सादासमृद्ध, मौलिक कृषिउपजहरू
अनि चिच्याइरहेछु म पनि एउटा कृषिकविता

छोड्नुहोस् लेखाजोखा मेरो कविताको
बरु सुनाउनुहोस्
कति वर्ष बिते त्यो छालाले माटो छोएको?
रुखले बिर्सिसकेको आफ्नै जरा कति भयो
गैह्रीखेतहरू एकादेशको कथा भएको?
अनि तपाईं, मैले, हाम्रो सरकारले गाउन थालेको
खोक्रो कृषि अर्थतन्त्रलाई ढाक्न बनेका सुकिला, मुकिला
जनप्रिय, चिल्ला नाराहरू
सुनाउनुस् कति भयो?
*****

---

*सुरज के. सी. केन्टकी राज्य विश्वविद्यालय, फ्रैंकफोर्ट, केन्टकीमा वातावरणीय विज्ञानमा स्नातकोत्तर गर्दै हुनुहुन्छ। प्राकृतिक स्रोत व्यवस्थापन र कृषिसँग सम्बन्धित भूस्थानिक र रिमोट सेन्सिङ प्रविधिको प्रयोगमा केन्द्रित अनुसन्धानमा संलग्न हुनुहुन्छ।*

प्रकृतीमा बाँच्ने सबैभन्दा बलियो प्रजाती होइन बरू त्यो हो जसले समयसँगै आफूमा परिवर्तन ल्याउन सक्छन।

- चार्ल्स डार्विन

निराशावादी हर अवसरमा समस्या देख्दछ भने आशावादी हर समस्यामा अवसर देख्दछ।

- विन्सट चर्चिल

मलाई असल आमा देऊ र म तिमीलाई असल राष्ट्र दिनेछु।

- नेपोलियन बोनापार्ट

मानिस जन्मदा स्वतन्त्र जन्मछ त्यसपछी उ चौतर्फी सांगलोले बाधिन्छ।

- रूसो

प्रजातन्त्र जनताको जनताको लागि जनताद्वारा गरिने शासन पद्दती हो।

- अब्राहम लिंकन

*www.preraksansar.com.np*

# ३९. खोरिया



**सुशीलचन्द्र अधिकारी**
**दोर्दी, लमजुङ**

भिराला कान्ला
खपेटा जत्रा सुर्काहरूमा
भर्खरै दाएका तिल्के र कस्तुरेलाई
दबदबे हिलोमा साउँदै गर्दा
उत्साहित हुन्थेँ म
यसपालि मङ्सिरमा भकारी भरिनेछ।

तर
बाउबाजेको पालादेखि
जति नङ्ग्रा खियाए पनि
मेरो उब्जनीले
तीन महिना धानेन
नियतिले धकेल्यो मलाई
शुन्य बनाएर खोरिया
हानिएँ कोरिया।

मेरा आँखेत र भीरकुनाका
जस्ता कैयौँ
गह्राका पाटाहरूमा
मेसिनको सहायताले फेरि पसिना साटेँ
विदेशीलाई भरिलो बनाएँ।

मेरो खोरिया बनेली बनाएर
मलाई झस्कायो
मेरै माटोले बोलायो
फर्किएँ
कृषिलाई व्यावसायिक बनाउन
तालिम लिएर
भरिलो बनाएँ खोरिया।

अहिले पहिचान फेरेको छ
खोरियाले
मोबाइल एपबाट
बजारीकरण हुन्छ
खोरियाको
अर्गानिक उत्पदानको केन्द्र।
उन्नत प्रविधिले
फट्को मार्न सिकायो मलाई
कृषि कर्म मेरो धर्म
मेरो पुर्खाको चिनो
फरक प्रविधि
यही खोरिया
म अनि मेरो पुस्ता
अनन्त कालसम्म सँगसँगै।
****

*सुशीलचन्द्र अधिकारी साझा प्रकाशन केन्द्रीय कार्यालय, पुलचोकमा तथा गरिमा साहित्यिक मासिकको सम्पादन सहायक पदमा कार्यरत हुनुहुन्छ। शारदा, गरिमालगायत विभिन्न पत्रपत्रिकामा वहाँका फुटकर कथा, कविता, मुक्तक, गजल प्रकाशित छन्।*

# ४०. मलाई किसान बन्नु छ



**रेजिना बच्काई**
**नेपाल**

मलाई किसान बन्नुछ
अनि भन्नुछ, प्रत्येकलाई कि
“शान” किसान हुनु मै छ।

उठ्नुछ माथि,
साना खेत, साना बारीका कान्ला देखि,
बिहान त खाइयो, साँझ के खाम्ला देखि?
सुरु गरेको व्यवसाय, खै के ले थाम्ला देखि?

फेर्नुछ चित्र, भित्रभित्र
साना–साना नानीका किताबका पाना पल्टाएर
च्यातिएका दौरा सुरुवाल,
मक्किएका धोती हटाएर
थाप्लाका हात र विरहका गीत पन्छाएर
फेर्नुछ चित्र, भित्रभित्र।

किसानको फेर्नुछ परिचय मित्र
बालकको मन भित्र
युवाको मन भित्र
भविष्यको गर्भ भित्र।

मलाई तराईमा सुन फलाई
हिमालमा कागुनो सोहोर्ने मन छ
असारमा धान नाच
अनि वर्षै भरि खुसी नाच व्यहोर्ने मन छ।

मलाई किसान बन्नुछ
अनि भन्नुछ, प्रत्येकलाई कि
“शान” किसान हुनु मै छ।

म भुल्दिन परम्परा खेतीको
भुल्दिन प्रविधिलाई पनि
भलो होस् कृषि भूमि  हुनेलाई
नभुलोस् कोही गरिवीलाई पनि।

अनुदानले राजनीति नचिनोस्
बजारले बाजनीति नचिनोस्
सरकारी निकायले काजनीति नचिनोस्
बस्, अब कृषिले लाजनीति नचिनोस्।

किनकि
मलाई किसान बन्नुछ
अनि भन्नुछ, प्रत्येकलाई कि
“शान” किसान हुनु मै छ।

के यो एउटा नेपाली किसानको सपना
सार्थक होला?
*****

*साहित्यमा चासो राख्ने, कहिलेकाही लेखि पनि हाल्ने रेजिना बच्काई कृषि प्रसार तथा ग्रामिण समाजशास्त्र, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा अध्ययनरत हुनुहुन्छ।*

# ४१. कृषिको यात्रा



**रोशन तिमील्सिना**
**पोखरा, कास्की**

मस्तिष्कमा प्रलोभन जन्मिनुअघि
तिमीले भर्खरै मिसाएका छौ
धर्तीको कोखमा
हुर्किरहने कुरुप अंश

त्यो कुरुप अंश
जुनसुकै बेला पनि जन्मिन सक्छ
र हुर्किएर बन्न सक्छ भोकमरी
हुर्किएर बनाउन सक्छ
धर्तीको कोख रित्तो

सन्तान जन्माउँदा मानिसले
सजकतामा कुरिरहन्छ प्रकृतिको नियम
र हतार नगरी हुर्कन दिन्छ पाठेघरको सपना
सन्तानको प्रेम बुझ्ने मानव
किन वनस्पतिलाई आदेश दिइरहेछ
जबर्जस्ती फल्न-फुल्न-हुर्कन-पाक्न?

समयले आधुनिकता बोके पछि
तिमी सुई प्रयोग गरिरहेका छौ
र पशुपंक्षीको हुर्काइलाई
काबुमा लिएका छौ

तिमीले जुनसुकै बेला
लोप गराउन सक्छौ
प्राचीन पशु र विकास गर्न सक्छौ
कृत्रिम डि.एन्.ए.

विषादी छर्किएर
कसैका पूरा भए पनि आफ्ना आकाङ्क्षा
हत्या भएको छ
धर्तीको कोखको
हजारौँका विश्वासको
परम्परागत भरोसाको

ए मानव
हामी पुनः लाग्नुपर्छ मिलेर
कृषिलाई कृषिजस्तै बनाउन
धर्तीलाई पुरानै स्थितिमा फर्काउन
*****

*रोशन तिमील्सिना इन्जिनियरिङ्ग, साहित्य, खेलकुद, र कलाकारितामा अभिरुचि राख्नुहुन्छ। "चिरिएका पैताला" कविता संग्रह वहाँको पछिल्लो साहित्यिक प्रकाशन हो।*

# ४२. कृषकको उकुसमुकुस



**इन्दिरा पौडेल रेग्मी**
**टेक्सास,अमेरिका**

कृषि प्रधान देश हाम्रो, नारा मात्र रह्यो
कृषकका कथाव्यथा शून्यतामा गयो
एक्काइसौं शताब्दीमा विश्व कहाँ पुग्यो?
नेपालमा अझै पनि कृषक रोइरह्यो।

न छ कुनै उद्योगधन्दा न कारखाना कुनै
ठूला ठूला कुरा गर्छन्, आखिर नेता उनै
युवाशक्ति विदेशिए रोजगारीका लागि
उर्वरभूमि बाँझै रहे, नभै खेतीपाती।

न त उन्नत बिउ दिन्छ, न रसायनिक मल
सिँचाइको असुविधा, जल श्रोतको देश
केन्द्रमुखी भए नेता, कुर्ची तानातान
कृषकका समस्याहरू कसले बुझ्ने जान।

यदि साँच्चै देशको मुहार, फेर्न मन छ भने
कृषि क्रान्ति जरुरी छ जहाँ गए पनि
नेपालको अर्थतन्त्र उँभो पार्नलाई
हातेमालो नेता, जनता, गरौँ एक भई।

गाईपालन,बाख्रापालन, तरकारीको लागि
अनुदान देउ सरकार, हामी कृषकलाई
दिगोपन र आत्मनिर्भर भएपछि जहाँ
कृषकको आत्मबल उच्च हुन्छ त्यहाँ।

उन्नत जात, गोठसुधार, तालिम र सीप
पोषणयुक्त दानाघाँस प्रकृति समीप
वातावरण सुधार गरौँ भन्ने कुरा बुझाई
एक अर्कामा मित्रताको भावनालाई जगाई।

आधुनिक प्रणालीको कृषितन्त्र ल्याई
देशको मुहार फेर्नुपर्छ, युवाशक्ति फर्काई
बाँझा खेतबारीहरू हराभरा बनाई
स्वावलम्बी बन्नुपर्छ, हामी कृषक सबै।
*****

---

*शिक्षामा र नेपाली इतिहासमा स्नातक, भरतपुर चितवनकी इन्दिरा पौडेल रेग्मी हाल टेक्सास अमेरिकामा बस्नुहुन्छ।*

# ४३. किसान



**प्रतिमा रेग्मी**
**माडीचौर, रोल्पा**

ठूला महलको कुरा छोड
खरले छाएको दरबारमा छु म
बर्गर र पिज्जाको कुरा छोड
आटो पिठो खाएर नै आराम छु म
भन्छौ तेरो काम के, औकात के छ?
तिमीलाई नै खाना खुवाउने किसान हुँ म

तिमीलाई बिहान उठ्न अलार्म चाहिन्छ
झिसमिसेमै जिम्मेवारीले उठाउँछ मलाई
आधा खाएर आधा खाना फाल्छौ तिमी
तिमीसम्म खाना पुर्याउने कुराले सताउँछ
मलाई
शनिवारको छुट्टी कम मान्छौ तिमी
बिरामी हुँदा पनि बारी जान
यही मनले अह्राउँछ मलाई

मगमगाउने अत्तर किन खोज्छौ?
माटोको वासनामा लिप्त भएर त हेर
घुम्ने कुर्चीको आश किन गर्छौ?
एक कदम बारीमा राखेर त हेर

ठूला ठूला गफ किन लाउँछौ?
आफ्नै हातले अन्न फलाएर त हेर

पढेलेखेको मान्छे तिमी
माटोलाई फोहोर कसरी मान्न सक्छौ?
जान्ने बुझ्ने बन्ने तिमी
कुकुर पाली गजब धाक कसरी लाउन
सक्छौ?
सबै समान भन्ने तिमी
किसानको दर्जा सानो कसरी भन्न सक्छौ?
स्वर्ग जस्तो जन्मभूमि पढ्ने तिमी
आफ्नो देश छाडी परदेशी कसरी बन्न सक्छौ?

नेपालमा रोजगार नै छैन भन्छौ भने
एकचोटी यो बाँझो जमिन हेर्न आऊ
बिटो पैसा कमाउने रहर राख्छौ भने
माटो छोइसकेको मिहिनेत गर्न आऊ
भाडा माझ्नैको लागि त्यो विदेश किन जाने
शानका साथ अन्न फलाउने किसान बन्न आऊ
*****

*प्रतिमा रेग्मी कलेज अफ नेचुरल म्यानेजमेन्ट माडीचौर , रोल्पामा अध्यनरत हुनुहुन्छ।*

# ४४. मैले देखेको किसान: पहिले र अहिले



**रन्जन सापकोटा**
**वाससिंगटन स्टेट, अमेरिका**

श्रमिक हुन्थ्यो, हिलो हुन्थ्यो, मैलो हुन्थ्यो
बजारभाउ नपाउँदा धुरु धुरु रुन्थ्यो।

खान हैन खुवाउनमा लाग्थ्यो
बाँच्न भन्दा बचाउनमा लाग्थ्यो
भोक नभनी, प्यास नभनी दिनभर घाममा खटेर
हातको नंग्राभर जमिनको माटो रटेर
विश्रामलाई सधैँ परिश्रमसँग साटेर
डाँडाको सानो घरमा जसोतसो बाँचेको किसान
श्रमिक हुन्थ्यो, हिलो हुन्थ्यो, मैलो हुन्थ्यो
बजारभाउ नपाउँदा धुरु धुरु रुन्थ्यो।

तर, अहिले देखेको किसान
धेरै सुकिलो हुन्छ, थोरै श्रमिक हुन्छ
एउटा महल शहरमा, अर्को महल लेकसाइडमा हुन्छ
पैसाले उसलाई नपुगेको एकदम नै कमै हुन्छ
कसैकसैको त आफ्नै हवाईजहाज हुन्छ, डुङ्गा हुन्छ
हुदैन त केवल......
बजारभाउ नपाउनेडर हुदैन
दशैँ आउँछ, खर्च धान्न गार्हो होला भन्ने पीर हुँदैन
किसान हो भनेर गर्व गर्न लाज हुँदैन।

हो, श्रम नगरी त कतै केही पनि फल्दैन
तर अहिले देखेको र पहिले देखेको किसानको
कुनै पनि रहर नै मिल्दैन
श्रमिक हुन्थ्यो, हिलो हुन्थ्यो, मैले हुन्थ्यो
बजारभाउ नपाउँदा धुरु धुरु रुन्थ्यो।
*****

*रन्जन सापकोटा वासिङ्टन स्टेट युनिभर्सिटीमा पि.एच.डि.मा (कृषि सम्बन्धि रोबोट रिसर्च) अध्ययनरत हुनुहुन्छ।*

# ४५. नेपालको कृषि अवस्था



**निश्चल वाग्ले**
**रामपुर, चितवन**

कृषि प्रधान नेपाल देशमा कृषिकै छ भर
उद्योग धन्दा कलकारखाना कति बढी छ र?
अविकसित देश छ यो उद्योग धन्दा के छन्?
नेपालका धेरै किसान कृषिमा नै रम्छन्।

कृषिले नै सबै कुरा देशको खाँचो टार्छ
कृषि विकास नभएमा देशलाई गाह्रो पर्छ
नेपालको किसानलाई कृषि गर्न गाह्रो
सिँचाइको अभावले पार्छ बढी साह्रो।

नेपालको किसानलाई मौसमको डर
आकाशे पानीमा नै पर्नुपर्छ भर
कृषिले नै देशलाई दीगो सेवा गर्छ
कृषिमा नै सधैँ भरि भर पर्नुपर्छ।
****

*निश्चल वाग्ले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर चितवनमा अध्ययनरत हुनुहुन्छ।*

# ४६. आऊ हामी माटोको पूजा गरौँ

**गोपी उप्रेती**
**भर्जिनिया, अमेरिका**



आज खेतमा धानको ब्याड राख्नुछ
बारीमा मकै छर्न र कान्लामा भटमास रोप्नुछ
पखेरामा कोदो र फापर छर्नुछ
त्यसैले आज माटोको पूजा गर्नुछ।

माटो पूजाको सामग्री जुटाउनु छ
मल, पात-पतिङ्गर र स्याउला खोज्नुछ
पूजा सामग्री माटोमा सिंगार्नुछ
माटो मातालाई सन्तुष्ट र खुसी पार्नुछ।

मल, पात-पतिङ्गर र गड्यौलाको खोजीमा
तिर्खाएर भट्किंदै पानीको याचना गर्दै
आक्रान्त भएकी छन् माटो माता जननी
पानी अर्चन गरौँ शुद्ध हेतुले गर्दै मननी।

माटो नै त हो जीवनको आधारशिला
जीवन बाँच्ने र बचाउने एक मात्र जगतलीला
सृष्टि र सभ्यताको सृजन जननी
आउ माटो पूजा गरौँ हाम्री प्रिय जननी।

खुसी हुन्छिन् जब माटो माता जननी
दिन्छिन् उनले सृष्टिका अनुपम उपहार
जो बन्दछ हाम्रो बाँच्ने जीवनको आधार
त्यही त हो हाम्रो जीवन सृष्टि र सभ्यताको सार।


त्यसैले म भन्छु, आउ माटोको पूजा गरौँ
सिर्जनाको माटो-सभ्यता र संस्कृति बचाऊ
जब जीवन फुल्दछ माटो जगतको धरातलमा
सुख-सम्वृद्धि छाउनेछ सिर्जनाको रंगिन
फूलबारीमा।

*****

*प्रा. गोपी उप्रेती कृषि तथा पशु विज्ञानअध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयको सेवा-निवृत्त प्रध्यापक हुनुहुन्छ। प्रा. उप्रेतीले बिगतमा नेपाल सरकारको कृषि अनुसन्धान परिषदको प्रमुख आयुक्त पद लगायत वातावरण संरक्षण परिषदको सल्लाहकारको जिम्मेबारी समेत निर्वाह गर्नु भएको छ। हाल उहा अमेरिकाको भर्जिनिया राज्यको मयान्टेक अन्तरास्ट्रिय कर्पोरेसनमा वरिष्ट तथ्यांक वैज्ञानिक पदमा कार्यरत हुनुहुन्छ।*

# ४७. किसान

(पन्चचामर छन्द)



**धनन्जय ढकाल**
**यूलेस, टेक्सास, अमेरिका**

किसान तिमी सृष्टि हौ अटुट एक शक्ति हौ
प्रज्वल दीप ज्योति हौ देशका एक रत्न हौ
परम्पराका हिमायती असत्यमा सत्य हौ
अखण्डमा खण्ड व़ा रिक्त माथि पूर्ण हौ।

तिमी नै एक प्राणी हौ चल्छौ रे यन्त्रै समान
गरेर कर्म बारीको बाल्छौ रे आगो चुलामा
साँच्यौ सपना तिमीले बन्यौ बाआमा समान
तिमी नै मात्रै रहेछौ जीवन धान्ने किसान।

अमूल्य ज्योति ज्ञानको छरी कुना र कन्दरा
फुटाई डल्ला बारीको बनाउ सबै गरैगरा
बगाउ तिम्रो पसिना सागर बन्न सक्दछ
हरियाली हुन्छ त्यहाँ प्रकृति हाँस्न थाल्दछ।

चुमेर तिमीले टाकुरा उठाउ तिम्रा पाखुरा
सिँचित पार बारीका बनाउ सबै हरा भरा
फलाउ सुन वृक्षको मिलाई सबै टाकुरा
मुहार फेर देशको बजाई तिम्रा पाखुरा।

फुटाउ पहरा देशको हिमाल हाँस्नु पर्दछ
निभाउ आगो देशको मधेश नाच्नु पर्दछ
झुक्न नदेउ शीर त्यो बचाई राख गौरव
उठाउ हलो कोदालो सबै उर्वर बन्दछ।

बिसाउ तिम्रो जीवन छरेर सुवास माटोमा
हिरा र मोती रत्न ती सबै फल्छ यसमा
खेती तिम्रो प्राण हो बचाऊछ हाम्रो जीवन
किसान बिना सृष्टि नै डगमगाउछ लौ सुन।

नसुत तिमी अल्छि भई उठ अब लाग भो
हौ पालक प्राणीको बचाऊ यस धर्तीको
सँधै उद्धार चित्तले नितान्त शुद्ध भावले
जाग अब लाग भो देखाऊ आफ्नो पौरखले।

गर माया दिलले बनाऊ देश सुन्दर
बचाउ यस धर्तीको तिनै हुन ईश्वर
दिए हात ईश्वरले परिश्रम गरौँ भन्छु म
गरेर कृषि चेतना अगाडी बढौँ भन्छु म।
*****

*धनन्जय ढकाल विभिन्न सामाजिक तथा साहित्यिक सँस्थाहरुमा आवद्ध तथा आजीवन सदस्य हुनुहुन्छ। वहाँले विभिन्न पत्र पत्रिकामा २० -२५ वटा भन्दा बढी कथा, लेख तथा कविताहरु वाचन तथा प्रकाशन गर्नुभएको छ।*

# ४८. प्रश्नहरू सारङ्गीसँग



**शरद परासर मरहट्टा**
**नर्थ क्यारोलिना, अमेरिका**

सुनाउँदै बेसी, टार, भन्ज्याङ्गको धुन
सम्झाउँदै असार र मंसिरको दिन
घर, गाउँ, खेत, पुगी कति पीर पोख्यौ
हिजो, आज सारङ्गीले अरू के के देख्यौ?

छ कि छैन हरियाली बाटो वारिपारि
जोतिएको छ कि दायाँ, बायाँ खेतबारी
काठे हलो उस्तै छ कि बूढोभई गल्यो?
स्कूल जाने पुस्ता के छ, कि बसाईं सर्यो?

ज्यामी, कर्मी छ कि छैनन् , के छ बीउ, मल?
छ कि छैन "होस्टे" गर्दा "हैँसे" गर्ने बल?
कुलो / पैनी सफा गर्ने हिजोआज को छ?
साँझपख दियो बाल्दा दैलो खोल्ने को छ?

रोपिन्छ कि डालेघाँस, भूईघाँस के छ?
घाँस, पानी दिने वन जोगाउने को छ?
झरी, वर्षा, पहिरोले कति माटो गल्यो?
पखेराको "रातो फूल" फुल्दैछ कि ढल्यो?

सुनाउँदै बेसी, टार, भन्ज्याङ्गको धुन
सम्झाउँदै असार र मंसिरको दिन
घर,  गाउँ, खेत, पुगी कति पीर पोख्यौ
हिजो, आज सारङ्गीले अरू के के देख्यौ?
*****

*डा. शरद परासर मरहट्टा अमेरिकाको संघीय कृषि विभागमा कृषि विज्ञको रुपमा कार्यरत हुनुहुन्छ। डा. मरहट्टाले बिगतमा अमेरिकाको हवाई विश्वविद्यालयमा एक दशकसम्म अध्यापन गर्नुभएको छ। वहाँले नेपालको कृषि अनुसन्धान र कृषि विभाग अन्तर्गतका निकायहरूमा करिब दुई दशक बाली विज्ञ, बाली संरक्षण अधिकृत र वरिष्ठ प्लाण्ट क्वारेण्टिन अधिकृतको रुपमा समेत कार्य गर्नुभएको छ।*

# ४९. गैह्री खेत र म



**बैकुण्ठराज आचार्य**
**डालस, टेक्सास**

आफ्नो गाडीबाट ओर्लियो उ
स्थानीय शिकारीहरू पछि लागे
आज गैह्री खेतको शिकार हुँदै थियो
टुक्रा-टुक्रा पारेर भागबन्डा हुँदै थियो।

कस्तुरी मृग मारिदै थियो
बिना महँगोमा बेच्न पाइन्थ्यो
झोला भरि पैसा आउँदै थियो
उनीहरूको चलखेल सफल हुँदै थियो।

आनाको पाँच लाख
भनेको पनि सुनियो
गाउँकी प्यारी गैह्रीखेत
घडेरी बनेर बिक्दै थियो।

एउटा निरिह कृषिविज्ञ म
टुलुटुलु हेरिरहेँ
बिनै-बिना खेती गरिरहने मेरो सपना
चकनाचुर हुँदै थियो।
*****

*स्रस्टा साँझ अमेरिकाका सचिव बैकुण्ठराज आचार्य विभिन्न साहित्यिक संस्थाहरूसंग आवद्द हुनुहुन्छ। वहाँका दूई कविता सँग्रहहरू प्रकाशित छन्।*

# ५०. दिदी र ऐंसेलु



**भरतमान श्रेष्ठ**
**ग्राण्ड प्रेरी, क्यानडा**

दिदीले ल्याइन् दाउराको भारी,आँगनमा बिसाइन्
पटुकीबाट बोतामा ल्याएको कोसेली निकालिन्
ए कान्छा आईज, ऐंसेलु खा त, दाउरा नि मिलाई दे
भारीमा सापो ला'को ती स्याउला, बाख्रालाई हाली दे।

दिदीको माया हो कति बाबै, ऐंसेलु रसिलो
हातमा काँडा बिजेको रैछ, मन भयो अमिलो
ए दिदी, आमालाई काँडा झिक्दिनु भन न
म मिलाउछु दाउरा, तिमी पिंढीमा सुस्ताउन।

आँखाले देखेनौ कि किन काँडामा समायौ?
आफूले नखाई भाइको लागि ऐंसेलु लेरायौ
बाख्राले खाए स्याउला वनका, खोरमा बड्कम्ला
बड्कम्ला मल बारीमा हाली फलाम्ला घिरौंला।

घरिमा केरा पाक्याछन् बोटमै, सुन्तला पहेंलै
बेलौती मीठो, चराको जूठो, कागती अमिलै
ज्यामिर निबुवा स्वादिलो अति, दही हाली साँधेर
तिंदु र काफल खाउँला साथै रूख रूखमै चढेर।

भोलि त वन नजाउ है दिदी, कोदो साथै गोडौंला
जाँतोमा नयाँ चामल पिसी सेलरोटी पकाउँला
दाइले खन्छन् करेसाबारी, रायो-तोरी छरौंला
काउली, बन्दा, मूला, प्याज अनि गाजर रोपौंला।

गाईकी बाच्छी बुर्लुक्क उफ्री गर्दछिन् बाँ, बाँ
चल्ला छुँदा पोथीले ठुँग्यो, काले कुती क्वाँ क्वाँ
परेवा घुर घुर हर प्रहरमा, मुसो खाने बिरालो
बाख्राका पाठा नाचेका हेर आँगन भो घमाइलो।

ठेकीमा दही मथेर नौनी, धूप हाली मोही पिउँला
भुटेका मकै खाजामा खाउँला, भटाँस नि मिसाउँला
फर्सीका मुन्टा टिपेर ल्याए, कैंडोको तरकारी
बारीका गोलभेडा, खुर्सानी रातो, मरेठी चटनी।

साँझमा कथा भन है दिदी सुनकेस्री परीको
काललाई जित्ने कालुको जुक्ति अनेक थरीको
घैलाको पानी बुद्धिले खाने चलाख कौवाको
ईनारमा हेराई सिंहलाई मार्ने चतूर खरायोको।

तिमीसँगै सुत्ने मपनि दिदी, एक्लै त डर लाग्छ
कथामा भन्या भूतले तानेर लगे मेरो के लाग्छ
आफूले सिरक नओढी नओढी मलाई ओढाउँछौ
यति धेरै माया मलाई गर्ने भन त अरू को छ?

सम्झना मात्रै भयो दिदी, बालापनका ती दिनहरू
आउनेछु फर्की चाँडै, ल्याईदिनु है फेरि ऐंसेलुहरू
गैह्री खेतमा हामी रोपौंला धान साथसाथै मिलेर
मैले सिकेको सीप र दिदीको माया हिलोमा घोलेर।

******

*डा. भरतमान श्रेष्ठ, खाद्य तथा कृषि विभाग बिभरलज, क्यानडामा कार्यरत हुनुहुन्छ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अटवा क्यानाडाको संस्थापक निर्देशक श्रेष्ठले विभिन्न पुस्तक सम्पादनमा योगदान गर्नुभएको छ। वहाँका कविता तथा फूटकर लेख रचनाहरु वहाँको ब्लग तथा सामाजिक संजालमा पढ्न सकिन्छ।*

# ५१. बुबा र घोलखेतको सम्झना



**अम्बिका अधिकारी तिवारी**
**मिसिसिपी, अमेरिका**

घोल खेतमा पहेँलपुर धान पाकेको देखेर
बुबा हतारिँदै विहारतिर "देशी" बोलाउन जानुहुन्थ्यो
देशी त हामी नै थियौँ, तर किन विहारीलाई देशी भनियो?
जे होस्, जब एक डफ्फा देशी लिएर बुबा आउनु हुन्थ्यो
तब घरमा धान भित्रिन्थ्यो।

गाउँभरि सबै थिए, तर ज्यामीको अभाव हुन्थ्यो सधैँ
घरभरि हामी थियौँ, बाली भित्र्याउने मात्र बुबा हुनुहुन्थ्यो सधैँ
छोराछोरी पढुन भनेर होला, खेतीमा काम लगाउनु भएन
मध्यम परिवारमा हुर्कँदै थियौँ, तर अभाव कहिल्यै गराउनु भएन।

धन्य छ बुबा हजुरको देन, आज आएर बल्ल बुझेँ
सन्तान माथि हजुरको ममता, बल्ल आज राम्ररी बुझेँ
बुबाको त्यो छोपुवा बाली र घुम्ती बाली, कलेज पढ्दा बल्ल बुझेँ
धान काटी नसक्दै खेतमा, आलस र मुसुरो उम्रेको सम्झेँ।

कति वैज्ञानिक सोचाइ रहेछ, बुबाले कसरी जान्नु भो?
हजुरको तरिका देखेर नै कलेजमा मलाई, बाली विज्ञान सजिलो भो
वर्ष भरिको घुम्ती बाली, किताबै नपढी जान्ने बनायो
बाली थन्कियो, ट्र्याक्टर आयो, माटो पल्टाई मलिलो बनायो।

आहा ट्र्याक्टर कति छिटो, जोत्दो रहेछ भनिन्थ्यो
एकै दिनमा सारा जमिन, जोताएर सकिन्थ्यो
बालीको रहलपहल डांँठजरा, मल बनेर कुहिन्थ्यो
अर्को वर्ष खेती लाउँदा, जमिन पोषणयुक्त बन्थ्यो।

धान रोप्ने बेला फेरि, देशीहरु आइसक्थे
दुईचार दिनमै खेत रोपेर, हराभरा पारी दिन्थे
खेत रोपीसकेपछि आमा, बोडी लाउनुहुन्थ्यो आलीमा
एक दुई महिनापछि, बोडी टिप्न जान्थ्यौँ डालीमा।

हरियो धान टन्न खेतमा, महिना दिनमै देखिन्थ्यो
भल बग्ने गरी पानी, नहरबाटै भरिन्थ्यो

हेर्दाहेर्दै धानले बाला, छताछुल्ल फुलाउँथ्यो
सुनैसरी पहेँलपुर, झप्प बाला झुलाउँथ्यो।

मनमोहक हाम्रो घोलखेत, आँखै वरिपरि घुम्छ
कृषिमा रमेको सम्झनाले, आनन्दित भै हृदय चुम्छ
बुबा हजुर परलोकमा, कृषि पढेकी छोरी म यहाँ
जतिसुकै पढे पनि, हजुरको जस्तो विज्ञता छ कहाँ?

आज त्यो खेत कसले रोप्ला, खेतले हजुर खोज्दै होला
त्यति माया ममता दिने, बुबा खोइ भन्दै होला
जहाँ जाउँ जेसुकै गरूँ, कृषिमा जस्तो खुसी कहाँ?
कृषकमा जस्तो स्वाभिमान र दिगोपन, जागिरेको जीवनमा कहाँ?

त्यसैले बुबा!
हजुरलाई मेरो जीवनको मार्गदर्शक
अनि शक्ति प्रदायक भगवान देख्छु .......
*****

---

*अम्बिका अधिकारी तिवारी बिगत नौ वर्षदेखि मिसिसिपी स्टेट यूनिभर्सिटीमा सिनियर रिसर्च एसोसिएटको रुपमा कार्यरत हुनुहुन्छ। फ्लोरिडा राज्यमा २० बर्ष अघि देखी सुरु गरेको वातावरण सम्प्रक्ष्यण र पानीको गुणस्थर जाँच सम्बन्धी शिक्षालाई निरन्तरता दिँदै हाल माछा पालन सम्बन्धी अनुसन्धानमा ब्यस्त हुनुहुन्छ।*

पहिले तिमी उज्यालो तर्फ फर्क त्यसछि छायाँ स्वतः पछि पर्नेछ।
- हेलेन केलर

आलोचनाबाट बच्ने तिन उपाय छन्, केही नगर, केही नभन, केही नबन।
- अल्बर्ट हुबार्ड

जुन कामप्रति तिमीलाई प्रेम छ हो त्यही गर।
- मार्सा सिनेटर

लक्ष्य लिएर अघि बढ्नुले सबैथोक बदलिदिन्छ।
- स्कट रीड

पहिला आफ्नो विचार बदल त्यसपछि संसार बदलिएको पाउनेछौ ।
- नोर्मान भिनसेन्ट

www.preraksansar.com.np

# ५२. कृषक-दिनचर्या



**डि पि ढकाल**
**टेक्सास ए एण्ड एम एग्रिलाइफ**
**लबक, टेक्सास**

सखारै उठेर गोठमा उ, सफा सुग्घर गर्दछ
कुँडोपानी र घाँस उसले, वस्तुलाई खुवाउँछ
बाल्टी भरि दूध दोहेर, दही मोही बनाउँछ
पोषिलो नौनी तताई, बास्नादार घिउ मगमगाउँछ।

अर्गानिक मलखाद हाली, पौष्टिक अन्न तरकारी फलाउँछ
ताजा दूध अन्डा-तरकारी सहित, सहकारी उसले नै चलाउँछ
मानो रोपेर माटोमा, कयौं मुरी फसल उ  फलाउँछ
आफ्नै पौरखको उब्जनी बेचेर, गौरबमय दैनिकी चलाउँछ।

घाम - पानी प्रवाह नगरी, उ खेतबारीमै ब्यस्त छ
हरपल उत्पादन वृद्धिको आशमा, माटैसँग मस्त छ
पर्याप्त आम्दानी नभए पनि, उ हाँसेर रमाएकै छ
आङको एकसरो लुगाले पनि, शिशिरको जाडो धानेकै छ।

गुनासो सुनाउने ठाउँ कतै छैन, सुन्ने पो को छ र यहाँ?
यी मर्म कसले सुन्दछ र, कागजमा मात्र विकास छ जहाँ
सन्तानको शिक्षा - स्वास्थ्यको, सदैव पिरलो उसलाई
बेलुकाको गाँस पनि चिन्तासँगै, खाने बाध्यता उसलाई।

घामपानी नभनेर ती, हरपल खेतबारीमा छन्
हुनेखाने गैह्री खेतमा त, नहुने सुख्खा टारीमा छन्
कसैको त रुखो टारीपनि छैन, ती उठिबास सुकुम्बासी छन्
तिनैलाई कजाई खाने यहाँ, ठूलाठालु जो हुकुम्बासी छन्।

भूमि हुनुपर्छ लगनशील ती, परिश्रमी कर्मवीर किसानको
उत्पादनको उचित बजारीकरणले, टेवा मिल्छ विकासको
भूमिको उत्पादकत्व बढाई, आर्थिक स्तर सुधार्न चाहन्छ
सुर्यास्तसँगै घर आउँदा, सन्तोषको सास फेर्न उ चाहन्छ।

कृषिको  औद्योगिक क्रान्ति गर्ने, उसको महान इच्छा  छ
स्वाबलम्बी कृषि जीवनमा नै, गौरव गर्न उ सदैव चाहन्छ
फेरिअर्को सुर्योदयको पर्खाइसँगै, आनन्दको निन्द्रा विश्राममा
पुनःउही दिनचर्या सुरुहुन्छ, वस्तुभाउ सहित  स्व-आश्रममा।
*****

---

*डि  पि ढकाल टेक्सास ए एण्ड एम एग्रिलाइफ रिसर्च एण्ड एक्सटेन्सन सेन्टर लबक टेक्सासमा  कृषि अनुसन्धानमा संलग्न हुनुहुन्छ।*

# ५३. परिष्कृत परम्परा



**नित्यानन्द खनाल**
**खाद्य तथा कृषि विभाग**
**बिभरलज, क्यानडा**

मेरो बाबाले ब्याडमा उमारिएका बेर्नालाई
दाबिलोले होसियारी पूर्वक उक्काई
सार्नुहुन्थ्यो कोमलताले, नखल्बल्याई
नओइलाओस् भनी झम्म पानीले भिजाई।

अनि, टपरीको पिँधमा प्वाल पारी
छोप्नुहुन्थ्यो ती बेर्नालाई दिउसभरि
अनि पन्छाइ दिनुहुन्थ्यो त्यो टपरी
राति देखि सुनौलो बिहानभरि
घामका किरण तेर्सिंदासम्म क्षितिज पारि।

बाबाका सबै मिहिन खेतीपाती ब्यवस्थापन
वस्तुभाउका दानापानी भकारो-थरी र रछान
झारफुक दवाई उपचार, घरै जडिबुटी औषधि
अक्कल सीप परिष्कृत गहन ज्ञान विधि प्रविधि।

आधुनिक विज्ञानमुखी फेसनी शिक्षा लिई
म हुर्किएछु पूर्वजका ज्ञानपट्टि ध्यानै नदिई
भएछु कृषि विज्ञ "हरित क्रान्ती" सम्बाहक
हिमायती "विकास"को पर्यावरण विनाशक।

विद्यावारिधीको शोध, पक्ष प्रकाश-सम्लेषण
बिरुवाका हरितकण, अनि शक्ति रुपान्तरण
गहनता प्रष्ट भए, बाबाका बेर्ना-विधि प्रकरण
ढिलो भयो धेरै अब, ती ज्ञान विधिको प्रवर्धन।

मेरा बाबाका व्यावहारिक परिष्कृत ज्ञान सित
नमिसिंदा मेरो विज्ञानको प्रयोजन नै सीमित
साक्षात नै छन् पूर्वजका जटिल योजना-कृति
सह-अस्तित्व सन्तुलन सर्वदा समाज र प्रकृति।

प्रकृतिका पटाक्षेपहरूमा श्रमले कुँदिएका रङहरू
टाकुरा देखि बेसीसम्मका बायो-इन्जिनियरिङहरू
आवाद बस्ती, घरपरसर, पोखरी, पँधेरा, वनजङ्गल
बिसौना, चौतारी, पाटिपौवा, बगैँचा, फूलबारी मङ्गल।

डिलैभरि फलफूल घाँस, पाखाबारी पाटाहरू
बेसीफाँट गैह्रीखेत कतै, टारी र बिरौटाहरू
आहा कति दूरदृष्टी थिए ती पूर्वजका योजनाहरू
अर्मपर्म ऐँचोपैँचो सरतर विशुद्ध भावनाहरू।

कठै, मेरो विकासे पुस्ताको ज्ञान बिनाको बोक्रेपन
तडक भडक केवल, विवेक बिनाको चोक्रेपन
नैतिकताको खडेरी पौरख बिना, आशक्ती र धोक्रेपन
बितण्डा विवाद र अहंकार, अन्धकारको घोक्रेपन।
****

*डा. नित्यानन्द खनाल, खाद्य तथा कृषि विभाग बिभरलज, क्यानडामा अनुसन्धान वैज्ञानिकको रुपमा कार्यरत हुनुहुन्छ। नापाको वर्तमान महासचिब खनालका फुटकर लेख तथा कविताहरू सामाजिक संजाल तथा पत्र पत्रिकामा पढ्न पाइन्छ।*

# ५४. खेत भेटियो, खेती भेटिएन



**सुशील थापा**
**मिसौरी, अमेरिका**

बाटो खनियो
माटो खनिएन
ऋण भनियो
आनुदान भनिएन।

विदेशी खाइयो
स्वदेशी खाइएन
सस्तो चाहियो
स्वस्थ चाहिएन।

घर छाइयो
गोठ छाइएन
तालिम पाइयो
सीप पाइएन।

गाउँ गइयो
खेत गइएन
विकासे भईयो
विकसित भईएन ।

सभा गरियो
साधना गरिएन
सवारी भरियो
भकारी भरिएन।

बिचौलिया चिनियो
किसान चिनिएन
चाउचाउ किनियो
चामल किनिएन।

मौलिकता मेटियो
मनोवृत्ति मेटिएन
आश्वाशन भेटियो
अधिकार भेटिएन।

अनि
खेत भेटियो
खेती भेटिएन।

*****

*डा. सुशील थापा नापाका सहसचिव (२०२२-२०२४) तथा एग्री-कनेक्सन न्यूज-लेटरका प्रधान सम्पादक हुनुहुन्छ। हाल उहाँ अमेरिकाको सेन्ट्रल मिसौरी विश्वविद्यालयमा अनुसन्धान र प्राध्यापन गर्नुहुन्छ।*

# अनुसूची १: समालोचना

## कृषिका सुसेलीहरू नापा कृषि कविता संग्रह अंक-२: समालोचनात्मक टिप्पणी*



**प्रा. गोपी उप्रेती**
**भर्जिनिया, अमेरिका**

डा. भरतमान श्रेष्ठ, अम्बिका अधिकारी तिवारी, तथा डोल प्रसाद ढकालद्वारा संकलित र सम्पादित "कृषिका सुसेलीहरू" कविता संग्रह अंक-२ मा ५४ वटा कविताहरू समाविष्ट गरिएका छन्। सबै कविताहरू कृषिको उत्पादन प्रणालीलाई रुपान्तरण नगरी, कृषि खाद्यान्नमा आत्मनिर्भर नभई देशमा सम्वृद्धि आउन सक्दैन र देशले विकास गर्न सक्दैन भन्ने चेतनामूलक सन्देश सम्प्रेषण गर्ने हेतुले लेखिएका छन्। एकातिर पहाड, पर्वत, मधेश सबैतिरबाट युवाशक्ति रोजगारको खोजीमा विदेशिने अवस्था छ भने अर्कोतिर कृषियोग्य जमिन जनशक्तिको अभावमा बाँझै रहने अवस्था आइसकेको छ। फलस्वरूप विदेशबाट आयातित खाद्यान्नमा डरलाग्दो परनिर्भरताको अवस्थाको पृष्ठभूमि लेखिएका यी कविताहरू अति नै सान्दर्भिक र महत्वपूर्ण छन्।

कविता साहित्य प्रणालीको एक सशक्त र प्रभावकारी सन्देश सम्प्रेषण गर्ने माध्यम हो। मानिसले आफ्नो अंतस्करणमा अनुभूत गरेका जीवन र जगतका आरोह-अवरोह, भविष्यको सुन्दर परिकल्पना र समाज परिवर्तनको चेत पद्यात्मतक र गद्यात्मतक लयमा सम्प्रेषण गर्ने कलात्मक र प्रभावकारी माध्यम  हो कविता। सहित्यका अन्य विधा  भन्दा मानिसको भावनात्मक आयामलाई बढी प्रभावित गर्ने विधा हो कविता। कवितामा समाज परिवर्तन गर्न सक्ने मानवीय चेतना उजगार गर्न, जगाउन र मार्ग निर्देशन गर्न सक्ने क्षमता सशक्त रुपले अन्तर्निहित हुन्छ । कृषिका सुसेलीहरूको संग्रह अंक-२ मा समाबिस्ट कविताहरूले वर्तमान नेपालको कृषिको अवस्थालाई बडो मार्मिक ढंगले चित्रण गरेका छन्।  कृषि प्रणालीलाई सम्मानित र सम्वृद्ध बनाउँदै **"कृषि मूलश्च जीवनः"** को मूल-मन्त्रलाई साकार गर्न आशा, भरोसा र सम्भावनाको चेतना जगाउने काम ससक्त ढंगले गरेका छन्। सम्पूर्ण कविहरूलाई हार्दिक बधाइ र धन्यवाद ज्ञापन गर्दछु।

कृषि र पर्यावरण साहित्य सृजनाको महत्व दिन-प्रतिदिन बढ्दै गएको परिप्रेक्ष्यमा नापाको पहलकदमीमा कृषि साहित्यको यो कविता संग्रहको प्रकाशन हुनु ज्यादै प्रसंसनीय र स्वागतयोग्य कार्य हो। आज हामीलाई कृषि र पर्यावरण साहित्यको ठूलो खाँचो छ, खासगरी नेपाल जस्तो कमजोर कृषि उत्पादन प्रणाली र कमजोर पर्यावरण धरातल भएको देशमा। हामीलाई दिगो कृषि उत्पादन प्रणाली, माटो, जमिन, जल, जंगल, हिमाल, जैविक विविधता र जीवन बचाउने चेतनामूलक साहित्यको आवश्यकता छ। "कृषिका सुसेलीहरू" कविता संग्रहले एकातिर नेपालको कृषि क्षेत्रमा देखा परेका समस्या, विसंगति, विग्रह र कृषकहरूको अवस्थाको सटिक ढंगले चित्रण गरेको छ भने अर्कोतिर कृषि उत्पादन प्रणालीलाई मर्यादित र व्यवसायिक नबनाई देशले सम्वृद्धि प्राप्त गर्न सक्दैन भन्ने चेतनामूलक सन्देश पनि सम्प्रेषण गर्न सकेको छ।

यो कविता संग्रहमा समाविष्ट अधिकांश कविताहरूले माटो, बीउ-बिजन, जल-जमिन, जंगल, जीवन र जैविक विविधता  नै हाम्रो बाँच्ने र बचाउँने आधारशिला हुनुका साथै देशको सम्वृद्धिको मेरुदण्ड हो भन्ने सन्देश दिन सफल भएको छ। सबै कविताहरूले राम्रो र अर्थपूर्ण भाव सम्प्रेषण गरेका छन् तथापि यो कविता संग्रहबाट चार प्रतिनिधि मूलक कविताहरूको छोटो समालोचनात्मक टिप्पणी प्रस्तुत गर्न चाहन्छु। यी चार कविताहरूका भाव र सन्देशले यो संग्रहमा समाविष्ट सबै कविताहरूको मूल भाव र सन्देशलाई प्रतिनिधित्व गर्न सक्छन् भन्ने मलाई लाग्दछ।

कवि अस्मिता कार्कीको “उसको र मेरो कथा” कविताका निम्न उद्धरणले वर्तमान अवस्थाको चित्रण र भविष्यको सम्भावनाको खोजी गरेको छ।

*हुन त*
*देश आफै पर निर्भरतामा अडिएको छ*
*जुम्ली स्याउ सिमला पुग्न चाहँदो हो*
*इलामे अलैंची बेलायत घुम्न जाँदो हो*
*हुन त*
*सपनाहरूको गन्तव्य परेलीहरूमै थामिएको छ*
*उसको र मेरो कथाले अब*
*नयाँ आयाम खोजेको छ।*

अस्मिताको कविताले एकातिर हाम्रो कृषि अवस्थाको बिग्रँदो अवस्थालाई सटिक र मार्मिक ढंगले उजागर गरेको छ भने अर्कोतिर परिवर्तनको नयाँ आयाम खोजेको छ जो अर्थपूर्ण र मार्मिक पनि छ।

"गैह्री खेत र म" कवितामा कवि बैकुण्ठराज आचार्यले कसरी दिन-प्रतिदिन कृषियोग्य भूमि टुक्रा-टुक्रामा खण्डित हुँदै घडेरी बनिरहेका छन् र त्यसले नेपालको कृषि उत्पादन प्रणालीलाई नै कसरी ध्वस्त गरिरहेको छ भन्ने तथ्यलाई बडो मार्मिक ढंगले उजागर गर्नुभएको छ।

*आफ्नो गाडीबाट ओर्लियो उ*
*स्थानीय शिकारीहरू पछि लागे*
*आज गैह्री खेतको शिकार हुँदै थियो*
*टुक्रा-टुक्रा पारेर भागबण्डा हुँदै थियो।*

*आनाको पाँच लाख*
*भनेको पनि सुनियो*
*गाउँकी प्यारी गैह्रीखेत*
*घडेरी बनेर बिक्दै थियो*
*म टुलुटुलु हेरिरहेँ।*

हालसम्म पनि वैज्ञानिक भूमि उपयोगको नीति सरकारले ल्याउन नसक्नु र कृषियोग्य भूमिको संरक्षण गर्न नसक्नु अनि अर्कोतिर नीतिनिर्माणमा बस्नेहरू, सरकारका मन्त्रीहरू र नेताहरूले नै कृषि क्रान्तिको ठूला कुरा गर्नुले हामी सबैलाई लज्जाबोध गराएको छ। कविले यही तथ्यलाई यहाँ उजागर गर्नुभएको छ।

कवि सबिना देवकोटाको "कृषि र किसान" कविताले खण्डित हुदै गएको कृषि भूमिलाई चक्लाबन्दी गर्दै नयाँ प्रविधि मार्फत उत्पादन बढाउने र भिर, पाखा र खोल्सालाई फलफूलले ढाकी 'कृषि मूलश्च जीवन' को जीवन-दर्शनलाई आत्मसात गर्नुपर्ने सन्देश दिएको छ।

*चक्लाबन्दी भूमि विकाश गतिलो आवोस् नयाँ पद्दति*
*बाँझो भूमी नराखी उद्यम गरौँ सप्रियोस् नयाँ विद्वती*
*हाहाकार नहोस् कुनै नगरमा बीउ र कृषि मल*
*उत्पादन अनि विक्री दौलत बढोस् केन्द्रित बन्दै बल।*

*पाखामा जल खेतबारी वनका, खोल्सा पखेरातिर*
*अम्बा, स्याउ र आँप, जुनार तरुलले, रोपी सिँगारौँ भिर*

*वैरी बाली किरा चिनेर पहिले भित्र्याउने हो धन*
*साझा मन्त्र लिऊँ बुझेर सबले 'कृषि मूलश्च जीवनः'।*

"उन्नत कृषि" कवितामा जीवनहरि शर्माका यी उद्धरणहरूले आधुनिक कृषि प्रविधि युक्त हुनुपर्दछ र कृषि कार्यमा धन, ज्ञान र विद्वता प्राप्त गरेका सबैलाई खेतमा ओर्लेर आउन र कृषि कार्यको नेतृत्व गर्न आव्हान गर्छन्।

*बिजन बीउ नयाँ होस् सिँचाइ मल साथमा*
*प्रणाली घुम्ती बालीको प्रविधि हात हातमा*
*जमिन खाली नराखौँ उब्जनी दिन रातमा*
*बाली र नाली सबैका अनेक जात खेतमा।*

*धनी र विद्वानहरू हो ओर्लेर आउ खेतमा*
*जान्ने र बुझ्ने तिमी नै अगाडि लाग कृषिमा*
*आँगन छत गमला तरकारी फल फल्दछ*
*नसोचौँ सानो कसैले  निर्वाह त्यसै चल्दछ।*

यो कटु सत्य हो कि, जबसम्म कृषि प्रणालीमा प्रविधि, ज्ञान, सीप र संसाधनको उचित उपयोग हुन्न, तबसम्म कृषि प्रणालीमा रुपन्तरण गर्न सकिन्न र यो नै नेपालको कृषि प्रणालीको ठूलो समस्या र चुनौती पनि हो। यो कविताले सम्प्रेषण गरेको सन्देश मनन योग्य छ।

कृषि प्रणाली भनेको *जमीन, जल, जीव र जैविक* विविधताको सन्तुलित उपयोग र संयोजनमा विकसित प्रणाली हो। यो प्रणालीलाई 'चार ज' को अन्योन्याश्रित प्रणालीको रुपमा बुझ्नुपर्ने हुन्छ। नेपालको प्राकृतिक सम्पदा भनेको नै यी नै 'चार ज' हुन् र यिनको प्रणालीगत सन्तुलित विकासमा मात्र दिगो कृषि उत्पादन प्रणाली सम्भव छ। कोरोना भाईरसको संक्रमणले सिकाएको महत्वपूर्ण पाठ के हो भने, आयआर्जन र जीविकाका सबै क्षेत्रहरू ध्वस्त हुँदा पनि कृषि उत्पादन प्रणाली नै अन्तिममा जीवन धान्ने एक मात्र भरपर्दो आधार हो। यो तथ्यलाईआत्मसाथ गरी नेपाल जस्ता विकाससिल देशहरूले कृषि उत्पादन प्रणालीलाई विशेष प्राथमिकतामा राखी कृषि विकासको दीर्घकालिन रणनिति बनाउनु नितान्त आवश्यक छ। जबसम्म कुनै पनि देश खाद्य सुरक्षामा आत्मनिर्भर हुँदैन, तबसम्म त्यो देश कुनै पनि क्षेत्रमा सुरक्षित हुन सक्दैन। खाद्य-सुरक्षा नै सबै सुरक्षाको आधारशिला हो। त्यसैले त भन्ने गरिन्छ नि "**कृषि मूलश्च जीवनः**"।

अन्त्यमा सबै कविहरूलाई अझै मिठा र सुरिला भाकामा कृषिका सुसेलीहरू सृजना गर्ने जाँगर चलिरहोस् र नापालाई ती सुसेलीहरू नेपाली कृषकहरूका कानमा गुन्जायमान गर्न सफलता मिलोस्। आशा गरौँ "नापा" एकदिन नेपाली कृषकका घर घरमा ज्ञान-विज्ञान र संज्ञानको भरोसा र आकर्षणको केन्द्र बन्न सकोस् । **"कृषि मूलश्च जीवनः"** को सम्बाहक बन्न सकोस् भन्ने शुभकामना र शुभेक्षा सहित धन्यवाद ।

---

*प्रा. गोपी उप्रेती कृषि तथा पशु विज्ञानअध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयको सेवा-निवृत्त प्रध्यापक हुनुहुन्छ। प्रा. उप्रेतीले बिगतमा नेपाल सरकारको कृषि अनुसन्धान परिषदको प्रमुख आयुक्त पद लगायत वातावरण संरक्षण परिषदको सल्लाहकारको जिम्मेबारी समेत निर्वाह गर्नु भएको छ। हाल उहा अमेरिकाको भर्जिनिया राज्यको मयान्टेक अन्तरास्ट्रिय कर्पोरेसनमा वरिष्ट तथ्यांक वैज्ञानिक पदमा कार्यरत हुनुहुन्छ।*

* यो समालोचना जनवरी १५, २०२३ मा थप गरिएको हो। लेखकले यो समालोचना कविता संग्रह विमोचनको कार्यक्रम जनवरी ६, २०२३ मा प्रस्तुत गर्नुभएको थियो।

**एसोसिएसन अफ नेपालीज एग्रिकल्चरल प्रोफेसनल्स अफ अमेरिकाज (नापा**-NAPA) एक गैर-नाफामुखी , गैर-सरकारी, गैर-धार्मिक, र गैर-राजनीतिक संस्था हो। यो कृषि र सम्बद्ध विज्ञानका विशेषज्ञ र व्यवसायीहरूको साझा मंच हो। मानव कल्याण तथा खाद्य सुरक्षा बृद्धि गर्ने मिशनका साथ सन् २०१६ मा यो संस्थाको स्थापना भएको हो। वैज्ञानिक र सामाजिक-आर्थिक पक्षहरूमा अनुसन्धान, गोष्ठी तथा परिसम्वाद मार्फत वातावरणीय स्वास्थ्य, ज्ञान साझेदारी, क्षमता अभिवृद्धि, र परोपकारी सेवा यस संस्थाका उद्धेश्यहरू हुन्। शुभचिन्तकहरूको ठूलो सहयोग, उच्च सहभागिता र समर्पित समिति सदस्यहरू नापाका सफलताका आधार हुन्। स्थापना भएको छ वर्ष मै नापा एक जीवन्त र प्रभावकारी व्यावसायिक संगठनको रूपमा विकसित भएको छ। नापाले नेपालको दीगो कृषि विकासका लागि विद्यार्थीहरू, अनुसन्धानकर्ताहरू, व्यवसायीहरू, नीति निर्माताहरूलाई संयोजन गर्दै आएको छ ।

नापाले विभिन्न पुस्तकहरू, वैज्ञानिक जर्नलहरू, वैज्ञानिक अनुसन्धान स्रोतहरू, नीति संस्लेषण (Policy Brief) र अनलाइन त्रैमासिक न्यूजलेटर (Agri-Connection) आदि प्रकाशनहरू गर्दै आएको छ। नेपालमा नापाका हालका कार्यक्रमहरूमा विद्यार्थी र विद्वानहरूमा अनुसन्धान ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसार लघु अनुसन्धानवृत्ति, अनुदान, छात्रवृत्तिहरू, दूर-शिक्षण, अतिथि लेक्चर, विशेषज्ञ अभिलेख र अनुसन्धान सहकार्य र विशेषज्ञ सेवा (शिक्षण, अनुसन्धान, प्रसार र पाठ्यक्रम विकास) प्रदान गर्दै आएको छ। नापाले तीनवटा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन सम्पन्न गरिसकेको छ र सदस्यहरूको व्यवसायिक विकास लागि धैरै वेबिनार, कार्यशाला, संगोष्ठी, प्रशिक्षण, संजालीकरण, अन्तरक्रियात्मक तथा प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना गर्दै आएको छ।